वर्ष : १४, अंक : ३१, काठमाडौं, २०७५ मंसिर ७ गते शुक्रबार 23 November 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## ‘मानसिकता सुधार्न आग्रह’



जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले राष्ट्रसेवक कर्मचारीको सहयोग बिना देश निर्माण सम्भव नरहेको बताएका छन् । राष्ट्रिय योजना आयोगले आयोजना गरेको दिगो विकास लक्ष्य मैत्री योजना र बजेट एवं अनुगमन तथा मुल्यांकन र तथ्यांक प्रणाली सम्बन्धी प्रदेशस्तरीय कार्यशाला गोष्ठीको समापन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले सरकारी सेवा समयमै प्राप्त गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिए । मानसिकतामा सुधार नभए ‘सुखी नेपाली, समृद्ध नेपाल’को सपना साकार नहुने बताउँदै उनले जनतालाई विकासको अनुभूति गराउनुपर्ने उल्लेख गरे । ‘सबै मिलिजुली प्रदेश बनाउने ध्येयले अघि बढ्नु पर्छ,’ उनले भने ।
योजना अनुसार काम नहुँदा विकास निर्माण कार्यले गति नलिएको उनले बताए । योजना आयोगलाई प्राथमिकता नदिँदा कार्यक्रमहरू परिणाममुखी बन्न नसकेको मुख्यमन्त्री राउतको भनाइ छ ।
गत मंसिर ४ गतेदेखि सुरू भएको तीन दिने कार्यशाला गोष्ठीको समापन समारोहमा प्रदेश २ का नीति आयोगका उपाध्यक्ष डा. हरिवंश झा र राष्ट्रिय योजना आयोगका सदस्य डा. उषा झाले आ-आफ्नो धारणा राखेका थिए ।

## रेणु यादवद्वारा राजीनामा



काठमाडौं । संघीय समाजवादी फोरम नेपालकी केन्द्रीय उपाध्यक्ष तथा मधेश प्रदेश समिति अध्यक्ष रेणु यादवले पार्टीको सम्पूर्ण जिम्मेवारीबाट राजीनामा दिएकी छन् । फोरमको पदाधिकारी बैठकमा यादवले राजीनामा दिएकी हुन् । संविधान दिवसको अवसरमा फोरमको केन्द्रीय समितिले मौन बस्ने निर्णय गर्दा पनि प्रदेश २ की अध्यक्षसमेत रहेकी यादवले सो निर्णयलाई उल्लंघन गर्दै कालो दिवस मनाएको भन्दै केही नेताहरूले कारबाहीका लागि आवाज उठाउँदा यादवले राजीनामा दिइन् । उनले संविधान दिवसको दिन विज्ञप्ति जारी गरी कालो दिवस मनाउने निर्णय गरेपछि अन्य नेताहरूले कारबाहीको माग गर्दै आएका थिए । उनले राजीनामा दिएपनि अहिलेसम्म स्वीकृत नभएको राजनीतिक समितिका सदस्य अमरेश नारायण झाले मधेशवाणीलाई बताएका छन् ।

# राजपाभित्र बहिर्गमन र रथारोहणको खेल

## महन्थ कमजोर हुँदा महतोको भाग्य चम्कियो

**मधेशवाणी डेस्क**

काठमाडौं । २०७४ बैशाख ७ गते मधेशका ६ वटा पार्टी मिलेर बनेको राष्ट्रिय जनता पार्टी नेपालभित्र नेतृत्व हेरफेर भएसँगै यसभित्रको विवाद छताछुल्ल भएको छ । राजपा गठन हुँदा अध्यक्षमण्डलको संयोजक रहेका महन्थ ठाकुरलाई हटाएर पार्टीले अध्यक्षमण्डलका सदस्य राजेन्द्र महतोलाई नयाँ संयोजक तोकेको छ ।
महन्थ ठाकुरको तराई-मधेश लोकतान्त्रिक पार्टी, राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टी, शरत्सिंह भण्डारीको राष्ट्रिय मधेश समाजवादी पार्टी, महेन्द्र राय यादव नेतृत्वको तराई मधेश सद्भावना पार्टी, राजकिशोर यादव नेतृत्वको मधेशी जनअधिकार फोरम (गणतान्त्रिक) र अनिल झा नेतृत्वको नेपाल सद्भावना पार्टी एकीकरण भएर राजपा घोषणा भएको हो ।
राजपा एकता हुँदा दुई-दुई महिनामा पालैपालो अध्यक्षमण्डलको संयोजक बन्ने सहमति भएको थियो । डेढ वर्षदेखि ठाकुर एक्लै संयोजकमा रहेपछि आलोचना हुँदै आएको थियो । तर अन्ततः मंसिर ४ गते अध्यक्षमण्डलको बैठकमा ठाकुर संयोजक पद छाड्न राजी भए । अब निवर्तमान संयोजक महन्थ ठाकुर स्वतः अध्यक्षमण्डलको सदस्य रहनेछन् ।
विधानमा भएको व्यवस्थाअनुसार ५ माघसम्म (दुई महिना) महतो संयोजक हुनेछन् । त्यसपछि क्रमशः वष्ठिताका आधारमा महेन्द्र राय यादव, शरत्सिंह भण्डारी, राजकिशोर यादव र अनिल झा संयोजक बन्ने छन् । तर, निर्णयअनुसार आगामी ७ देखि ९ बैशाखसम्म पार्टी महाधिवेशन भए सबै सदस्य संयोजक बन्ने पालो आउने सम्भावना भने देखिँदैन ।
यसअघि बसेको पार्टी राजनीतिक समितिको बैठकले महाधिवेशनपछि अध्यक्षमण्डल नरहने भन्ने निर्णय गरिसेकको छ । महाधिवेशन पछि अध्यक्षमण्डल नरहने निर्णय राजनीतिक समितिको बैठकले गरिसकेको छ । ‘निर्धारित समयमै महाधिवेशनको सुनिश्चितता गर्न, पार्टीको सर्वोच्च निकायमा सामूहिक नेतृत्वको अभ्यासलाई निरन्तरता दिन, संगठनको विकास र विस्तार कार्यलाई गतिशीलता प्रदान गर्न पार्टीका नेता-कार्यकर्ताबीच अनुशासन कायम राख्न पार्टीको विधानअनुसार अध्यक्षमण्डलको नेतृत्व चक्रीय प्रणालीअनुसार सञ्चालन गर्ने बहुमतबाट निर्णय गरिएको छ,’ बैठकपछि संयोजक ठाकुरले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।
संयोजकबाट ठाकुर हटेसँगै संयोजकका हैसियतमा उनले पार्टीमा गरेका नियुक्ति पनि रद्द गरिएको छ । २०७४ असार ३० गते निर्वाचन आयोगमा पार्टी दर्ता हुँदा रहेको ८ सय १५ जनाको केन्द्रीय समिति कायम रहने, त्यसपछि संयोजकका हैसियतमा ठाकुरले मनोनित र नियुक्त गरेका सदस्य र पदाधिकारीको नियुक्ति रद्द भएको छ ।
अन्य नेताहरूले असन्तुष्टि जनाएकाले ठाकुरले मनोनीत गरेका नेताहरूको नाम पार्टीका कुनै पनि कागजातमा उल्लेख थिएन । बैठकमा पनि अन्य पाँच नेता मनोनयन रद्द गर्नेमा एकमत भएपछि ठाकुरले सहमति जनाएका थिए । ठाकुरले महासचिवमा मनोनित गरेका विनोद सिंह अहिले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा भ्रष्टाचारको मुद्दा खेपिरहेका छन् । त्यस्तै महासचिवमा मनोनित जयप्रकाश ठाकुर, शशीकपुर मियाँ, पुरूषोत्तम झा र उपमहासचिवमा मनोनित कुमारनाथ मिश्र, परमेश्वर शाह र अरविन्द्र साहलगायत पदाधिकारी र सदस्यको मनोनयन रद्द भएको छ ।
बैठकमा विधानअनुरूप चक्रीय प्रणालीमा पार्टी नेतृत्व गर्नुपर्ने प्रस्ताव आएपछि संयोजक महन्थ ठाकुरले कुनै प्रकारको प्रतिरोध गरेनन् । ‘तपाईंहरूको निर्णय विपरित म जान सक्दिन’ भन्दै उनले प्रस्ताव र निर्णय गर्न नेताहरूलाई आग्रह गरे । नेतृत्व परिवर्तनको प्रस्ताव आएपनि ठाकुर न चकित भए न त त्यसको प्रतिरोध नै गरे । मानौं उनी सुरूदेखि नै संयोजकको पद हस्तान्तणका लागि तम्तयार थिए । यद्यपी नेतृत्व परिवर्तनको प्रस्तावलाई रोक्ने प्रयास झाले गरे तर उनको केही चलेनन् । उनले पार्टी महाधिवेशनसम्म ठाकुरकै नेतृत्वमा पार्टीलाई अघि बढाउनुपर्ने तर्क गरे पनि अध्यक्षमण्डलका अन्य सदस्यहरू सहमत भएनन् ।



निवर्तमान संयोजक महन्थ ठाकुर



संयोजक राजेन्द्र महतो

**अन्तरकलहको चक्रव्यूह**

चक्रीय प्रणालीअन्तर्गत संयोजक फेरिए पनि पार्टीभित्रको विवाद केन्द्रदेखि स्थानीयस्तरसम्म यथावतै रहेको छ ।
पार्टी एकीकृत भएको डेढ वर्ष बित्न लाग्दा पनि अझै महाधिवेशन हुन सकेको छैन । वडादेखि जिल्लासम्मको अधिवेशन हुन अझै बाँकी नै छ । पार्टीको केन्द्रीय समितिदेखि लिएर जिल्ला समितिसम्ममा ६ जना अध्यक्षको अध्यक्षमण्डल रहने व्यवस्था अझै कायम छ ।
यद्यपि लामो समय बितिसक्दा पनि केन्द्रदेखि वडास्तरसम्म अधिवेशन नहुनु, अधिवेशन तयारीको क्रममा आ-आफ्नो गुट-उपगुटको संरक्षणमा केन्द्रदेखि जिल्लास्तरका नेता खुलेरै लाग्नु, पार्टी नेतृत्व गर्ने विभिन्न समितिदेखि लिएर विभिन्न भ्रातृ तथा शुभेच्छुक संगठनलाई समायोजित गर्न नसक्नु जस्ता समस्याले पार्टीभित्रको आन्तरिक विवाद अब खुलेर सडकमै छताछुल्ल भएको छ ।

**के भयो बैठकमा**

संयोजक ठाकुरलाई हटाउन नेता झा बाहेक अन्य सदस्यहरूको कडा मोर्चाबन्दी बनेको थियो । गत कार्तिक १३ गते महोत्तरीको बर्दिवासस्थित होटल पावन मिथिलामा ठाकुर र झाबाहेकका चार सदस्यको बैठकमा ठाकुरको बहिर्गमन र महतोको रथारोहणको योजना बनेको थियो । बैठकमा अध्यक्षमण्डलका सदस्यहरू महतो, यादव, भण्डारी र राजकिशोरले ठाकुरको आत्मकेन्द्रित र तत्कालीन तमलोपासम्बद्ध नेताकार्यकर्तालाई प्रोत्साहित गर्ने कार्यशैलीका बारेमा लेखाजोखा गरेका थिए । ठाकुरको कामकाजबाट पार्टी संगठन सुस्त भएको र आफ्ना समर्थक नेताकार्यकर्ता निरूत्साहित बनेको तथा यसकारण आसन्न पार्टी महाधिवेशनमा तत्कालीन तमलोपासम्बद्धहरूकै हालीमुहाली रहने उनीहरूले आकलन गरेका थिए । मंसिर ४ गते ठाकुरको बहिर्गमन त्यही योजनाअनुसार भएको हो र अन्नतः महतो आफनो योजनामा सफल पनि भए ।

**सरकारबारे अझै कुर्ने**

पार्टीको बैठकले नेतृत्व परिवर्तन गरे पनि सरकारलाई दिएको समर्थन फिर्ता लिने/नलिने बारे कुनै छलफल गरेन । राजपाभित्र सरकारलाई दिएको समर्थन फिर्ता लिएर आन्दोलनमा जाने की अझै केही समय कुर्ने भन्नेमा नेताहरूबीच विवाद रहँदा केही समय कुर्ने निष्कर्षमा पुगेका हुन् । अध्यक्षमण्डलका सदस्य महेन्द्र यादवले भने, ‘हामी केही दिन परिस्थिति हेर्छौं । त्यसपछि मात्र समर्थन फिर्ता लिने विषयमा निर्णय गर्छौं ।’
राजपाका दोस्रो तहका नेताहरू भने सरकारलाई दिएको समर्थन फिर्ता लिई पार्टी तत्काल आन्दोलनमा जान नेतृत्वलाई दबाब दिदै अएका छन् । राजपा अध्यक्षमण्डलका सदस्यहरूले दसैंअघि प्रधानमन्त्री केपी ओलीलाई ज्ञापनपत्र बुझाई छठसम्म पनि संविधान संशोधनको विषयमा सरकारले पहल नगरेमा छठपछि सरकारलाई दिएको समर्थन फिर्ता लिई आन्दोलनमा जाने बताएका थिए । छठसँगै राजपाले दिएको समयसीमा पनि सिद्धिएको छ । समय सिद्धिसकेको अवस्थामा राजपा आन्दोलनमा जानुको अर्को बाटो नभएको राजपाका अर्का महासचिव केशव झाको भनाइ छ ।

## योगीको भव्य स्वागत गर्ने तयारी

काठमाडौं । प्रत्येक वर्ष जस्तै यो वर्ष रामजानकी विवाह पञ्चमी महोत्सव धुमधामसँग मनाउने तयारी थालिएको छ । यसपटक मंसिर २६ गते परेको सीताराम विवाह पञ्चमी महोत्सवमा भारतको उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथ योगी समेत सहभागी हुने कार्यक्रम छ । मुख्यमन्त्री योगी अयोध्याबाट साधुसन्तको जन्तीको नेतृत्व गर्दै महोत्सवमा सहभागी हुन जनकपुर आउने जानकी मन्दिरका सहमहन्त रामरोशन दास वैष्णवले जानकारी दिए ।
मुख्यमन्त्री योगी आउने भएकाले विशेष धुमधामको साथ यसटपटक सीताराम विवाह पञ्चमी महोत्सव मनाउने तयारी थालिएको जानकी मन्दिरका सह महन्त वैष्णवले बताए । सप्ताहव्यापी रूपमा मनाइने रामजानकी विवाह पञ्चमी महोत्सव यस वर्ष मंसिर २१ गतेबाट विधिवत रूपमा शुरू हुँदैछ । सीताराम विवाह पञ्चमी महोत्सवका मूल समारोह समितिका अध्यक्ष समेत रहेका सह महन्त वैष्णवका अनुसार विवाह पञ्चमी महोत्सवकै मुख्य दिन मंसिर २६ गते उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथ योगी जनकपुर आउने छन् । साधुसन्तको जन्तीकासाथ जनकपुर आउने मुख्यमन्त्री योगीले सबैभन्दा पहिला जानकी मन्दिरमा पूजाअर्चना गर्ने कार्यक्रम तय भएको छ । त्यसपश्चात मुख्यमन्त्री योगीको स्वागतमा प्रदेश २ सरकारले मधेश भवनमा आयोजना गर्ने दिवाभोजमा सरिक हुनेछन् ।
प्रदेश २ सरकारको सचिवालय रहेको मधेश भवनमा मुख्यमन्त्री योगीको स्वागतमा साधुसन्त, जन्ती, विशिष्ट व्यक्तित्व र सर्वसाधारणका गरी एक हजार १ जनाको भोज प्रदेश सरकारले आयोजन गर्ने तयारी गर्न लागेको आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्र यादवले बताए ।
मधेश भवनमै प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथबीच विशेष भेटवार्ता हुने छ । भोज पश्चात दिउँसो जनकपुरको ऐतिहासिक रंगभूमि मैदान बाह्रबिघामा हुने सीताराम स्वयंम्बरमा दुवै मुख्यमन्त्री एवं समकक्षी सहभागी हुने कार्यक्रम छ ।




समय-सन्दर्भ

निमिष झा



## मिथिलामै मैथिली अपहेलित

प्रदेशको नाम र राजधानीबारे सुझाव दिन आयोग बनेपछि प्रदेश २ मा अहिले भाषाको बहस सुरू भएको छ । प्रदेशको नामसँगै भाषा पनि जोडिएकोले प्रदेशको आधिकारिक भाषा के राख्ने भन्ने बहस प्रारम्भ भएको हो ।
प्रदेशसभा सांसद र दलका नेता मात्र होइन, जनस्तरमा पनि प्रदेशको भाषालाई लिएर बहस सुरू भएको छ । प्रदेशको नाम, स्थायी राजधानी र भाषाबारे सुझाव दिन प्रदेश सरकारले कात्तिक ११ गते डा. हरिवंश झाको सयोजकत्वमा तीन सदस्यीय आयोग गठन गरेको हो ।
प्रदेशको नाम र राजधानीबारे प्रदेशसभाको दुई तिहाईले निर्णय गर्नुपर्ने संवैधानिक व्यवस्था छ । प्रदेश २ को सत्तारूढ संघीय समाजवादी फोरम र राजपा प्रदेशको नाम मधेश राख्ने र भाषा हिन्दी राख्ने पक्षमा देखिएका छन् भने प्रतिपक्षी नेकपा र कांग्रेस ‘मधेश’ नाम कुनै हालतमा स्वीकार नगर्ने अडानमा छन् । उनीहरू प्रदेशको नाम मिथिला र भाषा मैथिली हुनुपर्ने बताउँदै आएका छन् ।
भारतीय उपद्वीपमा नेपाल र भारत कुनै देश निर्माण नभएकै समयदेखि मिथिला रहेको थियो । प्रदेश २ पनि मिथिला क्षेत्रभित्रै रहेकाले यसको नाम मिथिला प्रदेश हुनुपर्छ । दक्षिणमा शिवगंगा, उत्तरमा मानसरोबर ( कैलाश), पूर्वमा कोशी र पश्चिममा गण्डक भएको मिथिलाको सगौरव इतिहास अहिले पनि कामय छ । पूर्वी सभ्यता र दर्शनमा मिथिलाको महत्व छ ।

**प्रदेश २ को भाषिक तथ्यांक**

| | |
|---|---|
| मैथिली | : २४४७९७८ |
| भोजपुरी | : १००३८७३ |
| बज्जीका | : ७९१६४२ |
| नेपाली | : ३६०२७६ |
| मगही | : ३१०४८ |
| उर्दु | : ३१०६७२ |
| हिन्दी | : ८६२५ |

प्रदेश २ मा मैथिली भाषा पहिलो स्थानमा रहेको छ । त्यहाँ मैथिली भाषालाई सरकारी कामकाजको भाषा प्रयोग गर्न कठिनाइ देखिँदैन । मैथिली भाषामा अध्ययन-अनुसन्धानको लामो परम्परा रहेको छ । यो भाषा विश्वविद्यालय तहमा समेत पठनपाठन हुने गर्दछ । त्यसकारण पनि आवश्यक कानुनी व्यवस्था मिलाएर यसलाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न सकिन्छ । मैथिली भाषामा संरचनागत विकास पनि भएकाले यसको मानकीकरणमा त्यति जटिलता छैन ।
मैथिली भारोपेली भाषा हो जुन मुख्य रूपमा भारतको उत्तरी बिहार र नेपालको पूर्वी मधेशका क्षेत्रहरूमा बोलिन्छ । यो प्राचीन भाषा समूह भारोपेली भाषा परिवार अन्तर्गत पर्दछ र भाषाशास्त्रको हिसावले बङ्गाली, आसामी, उडिया र नेपालीसँग यसको धेरै निकट सम्बन्ध छ । यो भाषाको आफ्नै तिरहुता लिपि रहेता पनि यसको प्रयोग हाल न्यून रहेको छ । हाल मैथिली भाषा देवनागरीमा लेख्ने गरिन्छ । सन् २००२ मा मैथिली भाषालाई भारतको संविधानको आठौं धारामा समावेश गरिएको हो । जसले गर्दा यस भाषालाई शिक्षा, सरकारी निकाय र अन्य आधिकारिक प्रयोजनमा प्रयोग गर्न सकिन्छ । सन् २०१५ मा मैथिलीलाई नेपालको संविधान २०७२ को भाग १, धारा ५ मा आधिकारिक भाषाको रूपमा पनि राखिएको छ । भारतको यो एक सबैभन्दा ठूलो भाषा अन्तर्गत पर्दछ भने नेपालको यो दोश्रो ठूलो भाषा हो । सन् २०११ सम्म यो भाषा लगभग ४ करोड ४७ लाख मानिसद्वारा बोल्ने

बाँकी पृष्ठ अन्तिममा



## सम्पादकीय



# मधेशको कृषि प्रणाली सुधार गर

नेपालमा हाल कृषिनिर्भर जनसंख्या लगभग ६५ प्रतिशत छ। इजरायलमा कृषिनिहीत जनसंख्या एक दशमलव सात प्रतिशत छ। तुलना गर्दा लगभग ६५ गुणा बढी कृषक भएको देशमा इजरायलभन्दा ६५ गुणा कम उत्पादन किन भयो ? उत्तर आउँछ- प्रविधि। नेपालमा प्रविधिको विकास हुन सकेको छैन।

नेपाल कृषिप्रधान देश भन्दै बजेट विनियोजन हुने गरेको यति लामो समयसम्म पनि कृषिले उन्नति हासिल गर्न सकेको छैन। बजेटको अधिक अंश चुहावट भइरहेको छ। 'कृषि शिक्षा, कृषि अनुसन्धान र कृषि विस्तार' कृषि विकासका परिसूचक हुन्।

नेपालको २३ प्रतिशत क्षेत्रफल रहेको मधेशको भूभागमा आधीभन्दा बढी जनसंख्या रहेका बसोबास जहाँ कृषि, पशुपन्छी, मत्स्यपालन लगायत अपार सम्भावना रहेको छ। मधेशको समतल भूभाग, अधिकांश भूमि उर्वर, जमीनमा माटो गहिराई, धेरै नदीनाला, भूमिगत जल तथा जलाशय भएको, सजिलै सिंचाई गर्न सकिने, मौसममा विविधता भएको, ठूलो परिमाणमा उत्पादन गर्न सकिने, ठुल्ठूला मसिन उपकरण एवम् प्रविधि प्रयोग, सजिलो यातायातले ओसार पसार, प्रशोधन, भण्डारण गर्न सकिनुका साथै प्रशस्त जनशक्तिको परिचालन गरी वर्षैभरि विभिन्न थरीका वस्तु कम लागतमा उत्पादन लिन सकिने जस्ता विषेशता हुन्। यति ठूलो सम्भावना

**देशमा चरम गरिबी, बेरोजगारी, खाद्य संकट, उत्पादनशील युवाहरू विदेश पलायन, शहरमूखी बसाईसराइ, स्थानीय द्वन्द्वका साथै सामाजिक सद्भाव पनि खल्बलिएको छ।**

भएपनि मधेशप्रति समय समयमा भएको विभेदपूर्ण नीतिगत, संस्थागत तथा प्रक्रियागत व्यवस्थाबाट कृषि, पशुपन्छी, मत्स्य आदि अपेक्षित रूपमा प्रतिफल हासिल गर्न सकेको छैन। फलस्वरूप देशमा चरम गरिबी, बेरोजगारी, खाद्य संकट, उत्पादनशील युवाहरू विदेश पलायन, शहरमूखी बसाईसराइ, स्थानीय द्वन्द्वका साथै सामाजिक सदभाव पनि खलबलिएको छ।

खाद्यान्न उत्पादनमा कुल क्षेत्रफलको ७० प्रतिशत धानबाट ७१ प्रतिशत उत्पादन र ५८ प्रतिशत गहुँबाट ६५ प्रतिशत उत्पादन भएको छ। त्यस्तै दलहन बालीमा नेपालको मसुरोको ९५ प्रतिशत क्षेत्रफलबाट ९५ प्रतिशत नै उत्पादन हुन्छ भने चनाको ७३ प्रतिशत क्षेत्रफलबाट ७८ प्रतिशत नै उत्पादन र अरहरको पनि ९७ प्रतिशत क्षेत्रफलबाट ९७ प्रतिशत नै उत्पादन हुने गर्दछ।

बदलिँदो परिस्थितिमा सामाजिक न्याय तथा समानताको सिद्धान्तमा मौलिक तथा संवैधानिक हकसमेतमा प्रत्याभूत हुने गरी आर्थिक समृद्धिको प्रमूख अव्यवको रूपमा कृषिलाई अंगिकार गर्नु मधेशको विकासको मूलमन्त्र हुन सक्दछ।

निर्वाहमुखी जीवनका लागि गरिने कृषिले देशको आर्थिक विकासमा टेवा पुर्‍याएको छैन। तसर्थ प्राविधिक विकास अहिलेको नेपालको कृषि विकासका लागि अपरिहार्य छ। नेपाली किसानका लागि उचित, विकसित एवम् नाफामुखी कृषि प्रणाली अँगालेमा देश र किसानको आर्थिक स्थिति बलियो हुने देखिन्छ। श्रमशक्तिलाई प्रविधिले पछ्याउने हो भने उत्पादन बढी हुन गई देश विकासमा टेवा पुग्छ।

कृषि नीति नियम बनाउँदा ओहदामा बसेर भत्ता खानेहरू, ठूला भाषण गर्नेहरू हैन, पढ्दै गरेको विद्यार्थी, खन्दै गरेको किसान, लड्दै गरेको मजदुर र खोज अनुसन्धान गर्दै गरेको वैज्ञानिकलाई समेट्ने हो भने हाम्रो देशले उन्नति गर्नेछ र 'कृषक र प्रविधि' शब्द प्रयोग गर्न सुहाउनेछ।

## सातको सात बात



देशको परिस्थिति, जनअपेक्षा र हाम्रो अभिभारा सबैल बुझ्नुपर्छ। नागरिकका अपेक्षा पूरा गर्ने अभिभाराबाट कोही कसैले विलम्ब गर्नुहुँदैन। देश विकास र जनताको काम गर्न कसैले तर, पनि, यदि जस्ता शब्द प्रयोग गरेर उम्कन्न पाउँदैन। **केपी ओली, प्रधानमन्त्री**



कम्युनिष्टका कारण लोकतन्त्र खतरामा छ। लोकतन्त्रलाई जोगाउन अन्तिम लडाइँ लड्न सबै तयार हुने समय आएको छ। अहिलेको सरकारले न्यायलय कब्जा गर्ने षड्यन्त्र रचिरहेको छ। त्यसैले सबै कानुन व्यवसायी सचेत भएर अगाडि बढ्नुहोला। शेरबहादुर देउवा, सभापति, नेपाली कांग्रेस



विगतमा नेकपा एमाले र माओवादीका गुटहरू अहिले कायम छैनन्। विगतका गुटहरू अहिले ब्लकमा रूपान्तरण भएका छन्। ब्लकहरूलाई पनि विलिन बनाएर एकढिक्का बनाएर लैजानुपर्छ। मैले सबै नेताहरूलाई के भनिरहेको छु भने, गुट छोड्नुहोस्। गुटगत राजनीति गर्नु भनेको अपराध हो। **झलनाथ खनाल, वरिष्ठ नेता, नेपाल कम्युनिष्ट पार्टी**



सैद्धान्तिक र संवैधानिक रूपले नेपालको व्यवस्था अहिले विश्वमा भएका व्यवस्थामध्ये सबैभन्दा अग्रगामीमध्येकै हो। अब यसलाई कार्यान्वयन गर्न, बुझ्न र बुझाउन समस्या छ। तर, सैद्धान्तिक हिसाबले हेर्दा यी चारवटा अन्तर्वस्तु भएको लोकतन्त्र भनेको अहिलेको विश्वभरि सबैभन्दा उन्नत लोकतन्त्र हो। त्यसमा हामीले गौरव गर्नुपर्छ। **डा. बाबुराम भट्टराइ, संयोजक, नयाँ शक्ति पार्टी**



राजनीतिक संघीयता त भयो तर प्रशासनिक, वित्तिय क्षेत्रमा संघीयतामा अलमलकै स्थिती छ। संविधानमा हामीले धेरै व्यवस्था गरेका छौं। ती व्यवस्था कानुन र संरचनाका माध्यमबाट लागु हुन्छन्। अहिलेसम्म पनि संक्रमणकालको झन्झटहरू बाँकी नै छन्। **ईश्वर पोखरेल, उपप्रधान तथा रक्षामन्त्री**



संघ, प्रदेश र स्थानीय तहमा प्रतिपक्षमा रहेको कांग्रेस कमजोर बनेको छ। पार्टीभित्रै गुट, उपगुट बनेको छ भने निर्वाचनमा पराजय भोगेर इतिहासकै कमजोर अवस्थामा पुगेको पार्टीलाई बलियो बनाउन सबै मिलेर लाग्नुपर्छ। **कृष्णप्रसाद सिटौला, नेता, नेपाली कांग्रेस**



संघीयताले नै सबै देशवासीलाई समृद्धिको पहुँचमा पुर्‍याउने हुँदा यसलाई बलियो बनाउन सबै लागिपर्नुपर्ने अवस्था छ। समृद्धिको चाहनालाई साकार तुल्याउन सम्पूर्ण नेपाली एक जुट हुन आवश्यक छ। अब पछाडि फर्कने अवस्था छैन। **शेरधन राई, मुख्यमन्त्री, प्रदेश १**

# संसदीय विकास कोषको दुरूपयोग



**रामकुमार शर्मा**

**महन्थ ठाकुरले ल्याएको कार्यक्रमहरूमा कुनै दीर्घकालीन वा जनतालाई लाभ पुग्ने कार्यक्रमहरू छैनन्।**

सांसदले आफ्नो निर्वाचन क्षेत्रमा जनताको प्रतिनिधि भएको नाताले विकासका लागि जनताको अनेक माग छन्। प्रतिनिधिहरूले निर्वाचनका बेलामा जनतालाई कमिटमेन्ट पनि गरेका हुन्छन्। त्यसैले प्रतिनिधिहरूले संसद्मा ठूलो माग गरेका थिए कि जनताका कतिपय कुराहरू जहाँ सरकारको आँखा पुग्दैन ती कुराहरू गर्न पाउनुपर्छ। हामी मार्फत् विकास निर्माणका कामहरू जानुपर्छ भन्ने माग थियो। नेपाल सरकारको अर्थ मन्त्रालयबाट विगतभन्दा अहिले फरक ढंगले परियोजनाहरू गएको छ। विगतमा स्थानीय सरकार थिएन, सांसदमार्फत् परियोजनाहरू जान्थ्यो, तर पनि दुरूपयोग हुने र भ्रष्टाचार हुन्थ्यो। विगतमा वितरणमुखी प्रकारको थियो। ती सबै कुरालाई मध्यनजर गरी अर्थमन्त्रीले सांसदहरू नीति निर्माण तहमा काम गर्नुपर्छ भन्ने मान्यता राख्नुभएको छ। त्यसकारण नीति निर्माण ठाउँमा सांसदहरू रहने विकास निर्माणका कामहरू स्थानीय सरकार र प्रदेश सरकारले कस्ता काम हुने भनेर पनि नियमावलीमा व्यवस्था गरेको छ। त्यसमा सम्बन्धित क्षेत्रबाट जितेको, जो संघीय सांसद संयोजक हुने, प्रतिनिधिसभाका समानुपातिक सांसद र राष्ट्रिय सभाका सदस्यले देशभरिमा एउटा योजना पाउने र उनीहरूले रोजेको ठाउँमा सदस्य हुने भन्ने स्पष्ट व्यवस्था गरेको छ। त्यसरी नै अहिले चार करोड रूपैयाँ कार्यक्रमको नाममा व्यवस्था गरेको छ।

देशभरिकै समानुपातिक सांसद जो प्रतिनिधिसभा वा प्रदेशसभाका छन्, उनीहरूको मनमा ठूलो चोट पुगेको छ। अहिले नियमावलीले गरेको व्यवस्था एउटै संसदमा रहेका सांसदहरूको समान अधिकार कायम गर्नमा यसले विभेद गरेको छ। दोस्रो कुरा, जुन तरिकाले अहिले निर्णयहरू भइरहेको छ, त्यो नियमावली वा संविधानको विपरीत छ। स्थानीय

**देशभरिकै समानुपातिक सांसद जो प्रतिनिधिसभा वा प्रदेशसभाका छन्, उनीहरूको मनमा ठूलो चोट पुगेको छ। अहिले नियमावलीले गरेको व्यवस्था एउटै संसदमा रहेका सांसदहरूको समान अधिकार कायम गर्नमा यसले विभेद गरेको छ।**

गर्नुपर्छ भनेर अर्थमन्त्रीले नीति बनाउनुभयो। तर, सांसदहरूबाट के आयो भने अहिलेका अर्थमन्त्रीले सांसदहरूमाथि विश्वास गर्नुभएन, त्यसकारण सांसदहरूका लागि विकास कोष हुनैपर्छ भन्ने जोडदार माग भइसकेपछि नेपाल सरकारबाट एउटा नियमावली बन्यो। त्यो नियमावलीबाट सांसदहरूका लागि पनि चार करोड रूपैयाँ छुट्ट्याइयो।

नियमावलीमा दुईटा कुरा भनिएको छ, एउटा परामर्श समिति। परामर्श समितिमा स्थानीय निकायबाट जितेको, त्यसैगरी प्रदेशका निर्वाचित सांसद, समानुपातिक सांसद, प्रतिनिधिसभाका निर्वाचित सांसद र संघीय संसदका दुवै सांसद गरेर बनाइएको छ। त्यहाँ प्रतिनिधिहरूले जनताका कार्यक्रमहरू प्रस्तुत गर्ने। त्यस्तै, स्थानीय तहमा त्यहाँका सरकारले कार्यक्रमहरू घोषणा गर्दा कतिपय कार्यक्रमहरू जो पैसा अपुगका कारण हुनसकेन या थप पैसा चाहिने हो त्यस्ता कार्यक्रमहरू पनि त्यहाँ समावेश गर्ने र त्यसलाई सन्दर्भको रूपमा लिने।

त्यस्तै अर्को समिति हो निर्देशक समिति। त्यो समितिमा को-को बस्ने, के पूर्वाधार विकास साझेदारी कार्यक्रमका लागि जुन चार करोड छुट्ट्याएको छ त्यसको मर्म र भावनाको प्रतिकूल छ।

महोत्तरी निर्वाचन क्षेत्र नं. ३ मा व्यापक रूपमा संसदीय विकास कोषको दुरूपयोग भएको छ। त्यहाँ गम्भीर प्रकारले विभेद, अन्याय भएको, अपारदर्शी प्रकारले काम गरेको वा एकलौटी ढंगले भएको छ। जसरी परामर्श समिति र निर्देशक समिति बनाइएको छ र दुइटै समितिको काम कर्तव्य र अधिकारको बारेमा स्पष्ट व्यवस्था गरेको छ। परामर्श समितिमा महोत्तरी क्षेत्र नं. ३ को बैठक भयो। बैठकमा सबैले आआफ्ना कार्यक्रमहरू राख्नुपर्ने थियो। तर, त्यहाँ त राजपाको राज जस्तो छ। त्यहाँ स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभाबाट राजपाकै बढी सिट छ। त्यहाँ फरक पार्टी नेकपाको तर्फबाट प्रतिनिधिसभा सदस्य इन्दु शर्मा र प्रदेशसभाबाट फोरमका एक जना छन्। परामर्श समितिमा सबैले आआफ्ना तर्फबाट समस्याहरू राख्ने हो। यसले निर्णय त गर्ने होइन। यहाँ त देखियो भने छलफल नै हुन सकेन। त्यहाँ राजपाकै बहुमत भएको र अध्यक्ष नै संयोजक भएकोले अन्य सदस्यहरूले केही बोलेनन वा संयोजकले त्यस्तो वातावरण नै बनाएनन्। त्यहाँ नेकपा सांसद इन्दू शर्माले आफ्ना कार्यक्रमहरू प्राथमिकताका साथ राखिन्। मुख्यतया सांसद शर्माले त्यस क्षेत्रमा किसानहरूको बाहुल्यता भएको ठाउँमा सिंचाइका लागि दुई करोडको कार्यक्रम प्रस्तुत गरिन। तर, परामर्श समितिका संयोजकले सांसद शर्माको सुझाव सुन्न नै चाहेनन। त्यसबारे छलफल गर्ने वातावरण नै बनाइएन। सांसद शर्माको माग थियो कि हाम्रा कुराहरू नोट गरियोस्। किनकि जनताको सूचना पाउने जुन अधिकार छ त्यसको पनि सदुपयोग गर्न सकिएन। जनताको चाहनाअनुसार सिंचाइ, सडक, शिक्षा, खानेपानी, सरसफाई लगायतका बारेमा प्रतिनिधिले के गर्‍यो भन्ने हुन्छ। उनले यी कार्यक्रमहरू ठोस रूपमा राखेकि थिइन। यहाँ त छलफल गर्ने हो, त्यसपछि निर्देशक समितिमा जान्छ। छलफल गरेर सहमति गर्ने र सहमति नभएपछि निर्वाचित सांसदले आफ्नो अधिकारको प्रयोग गर्ने हो। त्यो त बाध्यात्मक स्थिति हो। तर, त्यहाँ मान्युटिङ्ग गर्न नै चाहेन र षड्यन्त्र गरेर हिंडे। त्यसपछि संयोजक महन्थ ठाकुरले बैठक बोलाउन चाहेनन्। उनले बिल्कुल एकलौटी र कानूनविपरीत काम गरेका छन्। त्यो एकदम गैरलोकतान्त्रिक तरिका गरेको भन्ने हाम्रो निर्ष्कक छ।

महन्थ ठाकुरले पूरै गैरलोकतान्त्रिक, गैरकानूनी र नियमावलीको मूल मर्म र भावनाको विपरीत गएर जसरी गनरे त्यो चोरीछिपी नै हो। उनले कसैको कुरा नै नराखी आफ्नो गोजीबाट ल्याएको कार्यक्रमहरू निर्देशक समितिमा पनि लागे तर कुनै छलफल गरेनन। नेकपाका सांसद इन्दु शर्माबाट प्रस्तुत एउटा पनि कार्यक्रम रजिस्टर्डमा नोट भएन। त्यसैले, सांसद शर्माले चारबुँदे नोटअफ डिसेन्ट लेखिन। सांसद् शर्माले भनिन् कि यस विषयलाई संसदमा उठाउँछौं, एउटै संसदका सांसदको अधिकार कसरी फरक हुन्छ। सबैको त समान अधिकार हुनुपर्छ। त्यसकारण सहमतिमा गर्नुपर्‍यो या त समानुपातिक प्रकारले कार्यक्रमहरू बनाउनुपर्‍यो। त्यसपछि बल्ल सबै सांसदको समान अधिकार स्थापित हुन्छ।

नियमावलीमा पनि त्रुटि रहेको छ। यो कमजोरीलाई झनै उनीहरूले आफ्नो सजिलोका लागि प्रयोग गर्न खोजिएको देखियो। यसलाई यदि मुद्दा हालियो भने यो कार्यक्रम रोकिन पनि सक्छ। न्यायालयबाट पनि जाने, संसदमा भण्डाफोर गर्ने, प्रधानमन्त्रीमा डेलिगेशन दिने योजनामा हामी छौं। किनकि यो महोत्तरी निर्वाचन क्षेत्र नं. ३ को मात्र समस्या छैन, देशभरिकै यस्तै समस्या होला। यसप्रकारले निर्वाचित सांसदले समानुपातिक सांसदसँग बेइमानी गर्ने हो समानुपातिक सांसदको कुनै भूमिका नै रहेन।

यहाँ दुईटा समस्या देखिएको छ। पहिलो गैरकानूनी तरिकाले रेकर्ड नै नगर्ने र दोस्रो नियमावलीमा पनि त्रुटि छ। त्यसकारण हामी संसदभित्र यसलाई भण्डाफोर गर्ने, बहसको विषय बनाउने, समानुपातिक सांसदहरूले प्रधानमन्त्री लगायतलाई डेलिगेशन गर्ने, सच्याउने कोशिस गर्ने र जनताको बीचमा भण्डाफोर गरेर जाने सुझावहरू आइरहेको छ। यो एउटा ठूलै बहसको विषय बन्छ। किनकि यस विषयलाई बहसको विषय नबनाउने हो भने रकमको ठूलो दुरूपयोग हुने षड्यन्त्र हुँदैछ। महन्थ ठाकुरले ल्याएको कार्यक्रमहरूमा कुनै दीर्घकालीन वा जनतालाई लाभ पुग्ने कार्यक्रमहरू छैनन्। जनतको मत माग्नका लागि रिझाउने कार्यक्रमबाहेक केही छैन। सिंचाइ, सडक, शिक्षा, स्वच्छ खानेपानी लगायतका विषय नै छैन। त्यसकारण, संसदीय विकास कोषको रकम जनताका लागि हुन्छ भने जनताको जनजिविकासँग सम्बन्धित कार्यक्रमहरू आउनुपर्‍यो।

*(नेकपाका नेता शर्मासँग मधेशवाणीले गरेको कुराकानीमा आधारित।)*

# भारतको तीन राज्यमा अन्तर्राष्ट्रिय उडान हुने

विराटनगर। प्रदेश नं १ का उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री जगदीशप्रसाद कुसियतले प्रदेशमा वार्षिक पाँच लाख पर्यटक भित्र्याउने सरकारको लक्ष्यलाई हिमाली उडानबाट सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन्। उडान सञ्चालन गर्नका लागि प्रदेश सरकारले सक्दो सहयोग गर्ने बताउँदै उनले आगामी वर्ष थप विदेशी पर्यटक वृद्धि भई सङ्घीय सरकारको सन् २०२० मा २० लाख पर्यटक नेपाल भित्र्याउने लक्ष्य पुर्‍याउन सहयोग मिल्ने बताए। विराटनगरबाट यही मङ्सिर ८ गतेदेखि हिमाली उडान शुरू हुँदैछ। उनले भारतको पश्चिम बङ्गाल, विहार, उत्तर प्रदेशलगायत बङ्गलादेशमा ६० करोडभन्दा बढी जनसंख्यालाई हिमाली उडानमा आकर्षण गर्न सके एकदेखि दुई प्रतिशत पर्यटक आगमन भएमा प्रदेशको लक्ष्य पूरा हुने धारणा व्यक्त गरे।

उक्त हिमाली उडानबाट पर्यटकले कञ्चनजङ्घा, मकालु, ल्होत्से, सगरमाथा र गौरीशङ्कर हिमाललाई नजीकबाट अवलोकन गर्न सक्नेछन्। मन्त्री कुसियतले प्रदेश सरकारले तेस्रो देशका पर्यटकलाई यस क्षेत्रमा आवागमन सहज तुल्याउन आगामी केही दिनभित्र विराटनगर र पशुपतिनगरमा अध्यागमन कार्यालय स्थापना गरिने बताए।

मन्त्री कुसियतले पर्यटकलाई आकर्षण गर्न यस क्षेत्रको पर्यटकीय क्षेत्रमा भौतिक पूर्वाधार र पदमार्ग निर्माण तथा जीर्ण मठमन्दिरको मर्मतसम्भारका लागि आवश्यक बजेट विनियोजन गरिएको बताउँदै पर्यटकको बसाइ अवधि बढाउन निजी क्षेत्रको सहयोगमा सुविधासम्पन्न होटल, चमेनागृह र घरबासको व्यवस्था मिलाइएको जानकारी दिए। उनले विराटनगर विमानस्थलबाट भारतका विहार, पश्चिम बङ्गाल र उत्तरप्रदेश तथा बङ्गलादेशका शहरमा अन्तर्राष्ट्रिय उडानका लागि प्रदेश मन्त्रिपरिषद्ले निर्णय गरी सङ्घीय सरकारमा पठाएको बताउँदै स्वीकृत हुनासाथ उडान सञ्चालन हुने जानकारी दिए।

उनका अनुसार प्रदेश नं १ मा रहेका १४ विमानस्थलमध्ये हाल विराटनगर-तुम्लिङटार मात्र सञ्चालन भएकामा आगामी केही दिनभित्र विराटनगरलाई केन्द्रविन्दु बनाई उडान सञ्चालन गरिनेछ। पर्यटनमन्त्री कुसियतले विराटनगरबाट अन्तरदेशीय उडानअन्तर्गत पोखरा, नेपालगञ्जलगायत अन्य पर्यटकीय क्षेत्रमा उडानका लागि सङ्घीय सरकारलाई अनुरोधसमेत गरिएकाले चाँडै सञ्चालन हुने विश्वास व्यक्त गनरे। उनले विराटनगर-पोखरा उडानका लागि निजी क्षेत्रबाट धेरै अनुरोध आएको तथा स्वदेशी तथा छिमेकी पर्यटकको चासो र चाहना भएको पाइएकाले केही हप्ताभित्र सञ्चालन हुने विश्वास पनि व्यक्त गरे।

मन्त्री कुसियतले काठमाडौँबाट सोलुखुम्बुको फाप्लु उडानको चाप धेरै भएको तथा नेपालीले हवाई सेवाको टिकटसमेत नपाउने गुनासो आएको बताउँदै विराटनगरबाट फाप्लु उडानको व्यवस्थासमेत मिलाइएको तथा फाप्लु उडानको व्यवस्था भएमा दैनिक १० उडान हुन सक्ने बताए।

शनिबार बिहान हुने हिमाली दृश्यावलोकन उडानमा प्रदेश नं १ मा मुख्यमन्त्री शेरधन राईसहित प्रदेशका सम्पूर्ण मन्त्री, उच्चपदस्थ कर्मचारीको सहभागिता हुने बताइएको छ। यती एयरलाइन्सको २९ सिटे जहाजबाट उक्त उडानमा १९ झ्यालको सिटको बिक्रीको व्यवस्था गरिएको होलिडेज नेपालका अध्यक्ष भविष श्रेष्ठले बताए। आगामी दिनमा पर्यटकको चाप हेरेर थप उडान गरिने जनाइएको छ।

विराटनगर-१० का नवराज पाण्डेले हिमाली क्षेत्रमा हिँड्न नसक्नेलाई आफ्नो देशको गौरव सगरमाथालगायत अन्य हिमाल नजीक हेर्न पाउने सुविधा उपलब्ध हुन लागेकामा हर्ष व्यक्त गरे। उक्त उडानका लागि नेपाली र भारतीयलाई रू नौ हजार ९०० तथा सार्क तथा तेस्रो देशका पर्यटकका लागि १५६ डलर भुक्तान गर्नुपर्नेछ। हिमाली उडानको अवधि ५५ मिनेटको हुनेछ। उडानमा सञ्चारकर्मीलाई सहुलियत शुल्क रू ६ हजार राखिएको छ।

# राजपा आन्दोलन गर्छ भने हाम्रो सहानुभूति रहन्छ



## अमरेश नारायण झा

राजनीतिक समिति सदस्य
संघीय समाजवादी फोरम, नेपाल

- ☞ संशोधन त संविधानमा अनिवार्य छ र संशोधन भएन भने मधेश अर्को आन्दोलनतिर जान सक्छ ।
- ☞ जनताले झण्डै दुई तिहाईको बहुमत दिएर पठाएको पार्टीको नेतृत्वको सरकारले देशका कुनै पनि क्षेत्रमा सन्तोषजनक काम गर्न सकेको छैन ।
- ☞ सरकारमा रहेर सरकारलाई बाध्य पारेर आफ्ना मागहरू पूरा गराऔं ।
- ☞ जुन पार्टीले आफ्ना पार्टीको नामबाट समेत मधेश शब्द हटाइसकेका छन् उनीहरू कुन आधारमा मधेश प्रदेश भनिरहेका छन् ।
- ☞ अहिलेको प्रदेश २ को नाम यदि मिथिला राज्य भयो भने त्यसको ऐतिहासिक महत्व र आधारभूत संरचना विकास गर्नका लागि धेरै सहयोग पुऱ्याउँछ अन्य नामभन्दा ।
- ☞ मिथिला नाम यदि राख्यौं भने सय करोड हिन्दूहरूलाई धार्मिक पर्यटनको रूपमा आकर्षण गर्न सक्यौं भने एक वर्षमा पर्यटनबाट कम्तीमा १०-१५ हजार करोडको आम्दानी हुनसक्छ ।
- ☞ बरू प्रदेश २ को नाम मिथिला राखौं र राजधानी सिम्रौनगढ बनाऔं । नयाँ राजधानीको उत्थान गरौं ।

**० फोरम नेपाल सरकारमा जानुभन्दा पहिला क्रान्तिकारीका ठूलठूला कुरा गर्थ्यो, तर अहिले संविधान संशोधनको 'स' पनि उच्चारण गरेको देखिँदैन नि ?**

– फोरम नेपाल निश्चित रूपमा क्रान्तिकारी पार्टी हो । यसको जन्म नै क्रान्ति र आन्दोलनबाट भएको हो । फोरम नेपाल अहिले पनि आफ्नो सिद्धान्तअनुसार नै अगाडि बढिरहेको छ । बाहिर जसरी चर्चा छ कि फोरम नेपाल सरकारमा गइसकेपछि संशोधनको मुद्दा बिर्सियो, यो यथार्थ होइन । अस्ति नै हाम्रो अध्यक्षजीले धारणा राख्नुभएको थियो कि संशोधन त संविधानमा अनिवार्य छ र संशोधन भएन भने मधेश अर्को आन्दोलनतिर जान सक्छ । त्यसैले संविधान संशोधन अपरिहार्य हो, गर्नैपर्छ, हुनैपर्छ र यसको विकल्प छैन ।

**० तर, प्रगति त केही पनि देखिएको छैन ?**

– निश्चितरूपमा जनताले जति ताकत दिएको हुन्छ त्यहीं ताकतलाई प्रयोग गर्ने हो । संघीय संदनमा हामीले जति ताकत जनताबाट पाएका छौं, त्यो हिसावले भरपूर लागेर कोशिस गरिरहेका छौं । जसले दुई तिहाईको बहुमत नजिकको ताकत पाएका छन्, उसले यो संविधानको परिवर्तनको कुरा कहिल्यै पनि स्वीकार गरेका थिएनन् । तर हामी कोशिस गरिरहेका छौं कि उनीहरूलाई कन्भिन्स गरेर देशको हितमा संशोधन गराउँछौं । यसमा धेरै हदसम्म उनीहरू कन्भिन्स पनि भइसकेका छन् र त्यसैका लागि हामी अहिले सरकारमा छौं । हामी मन्त्री पद खानका लागि मात्र सरकारमा गएका होइनौं ।

**० तपाइँहरूले मन्त्रिपरिषद्स्तरीय निर्णयबाट गराउन सक्ने कामहरू पनि त गराउन सक्नुभएको छैन नि ? जस्तै, झुठा मुद्दा फिर्ता, आन्दोलनकारी राजबन्दीहरूको रिहाई, रेशमलाल चौधरीको शपथ ग्रहण आदि आदि ।**

– हामी यी कुराहरू बारम्बार उठाइरहेका छौं । यसमा हामी एकदमै सजग छौं । हामीलाई थाहा छ कि हाम्रा साथीहरू अहिले पनि थुनामा छन् । रेशमलाल चौधरीलाई संविधानअनुसार नै शपथ ग्रहण गराइसक्नुपर्ने हो । तर, निश्चितरूपमा अहिले पनि यो देशमा संविधानअनुसार थुप्रै कुराहरू भइरहेको छैन । त्यसका लागि हामी मन्त्रिपरिषद्मा पनि लडिरहेका छौं ।

**० आन्दोलनकारीहरूमाथि लागेको मुद्दा फिर्ता, रिहाई लगायतका विषयमा मन्त्रिपरिषद्मा कुरा उठाउँदा के आश्वासन पाउनुहुन्छ ?**

– यस विषयहरूमा सरकार सकारात्मक छ । तर, जति सक्रियताका साथ सरकारले काम गर्नुपर्ने हो, त्यो भइरहेको छैन । हाम्रा मुद्दाहरूमा मात्र हैन, सरकार कुनै पनि काममा सक्रियता देखाएको अवस्था छैन । जसरी जनताले झण्डै दुई तिहाईको बहुमत दिएर पठाएको पार्टीको नेतृत्वको सरकारले देशका कुनै पनि क्षेत्रमा सन्तोषजनक काम गर्न सकेको छैन ।

**० मधेश आन्दोलनका बेला भएका हत्या, हिंसा लगायतका घटनाको छानबिनका लागि बनाइएको उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन पनि सरकारले सार्वजनिक गरेको छैन, यसका लागि तपाइँहरूले सरकारलाई दबाब दिनुभएको छ ?**

– उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिकका लागि सरकारलाई दबाब दिइरहेका छौं । हामीलाई विश्वास छ कि सरकारले यसलाई छिटोभन्दा छिटो सार्वजनिक गर्नेछ ।

**० राजपाले आन्दोलन गर्ने भनिरहेको छ, यदि उ आन्दोलनमा गयो भने फोरमको धार के हुनेछ ?**

– राजपा र फोरम नेपालको माग लगभग एउटै छ । तर, हाम्रो सोचाइ के छ भने सरकारमा रहेर सरकारलाई बाध्य पारेर आफ्ना मागहरू पूरा गराऔं । त्यसका लागि राजपा आन्दोलनमा जान्छ भने हाम्रो सहानुभूति नै रहन्छ ।

**० प्रदेश २ मा राजपा र फोरमको संयुक्त सरकार छ । यदि राजपा आन्दोलनमा गयो भने सरकारबाट बाहिरिनुपर्ने नैतिक दबाब पनि रहन्छ ?**

– पर्दैन । दुवै अलग चीज हो । प्रदेश २ को सरकारमा हामी मिलिजुली चलाइरहेका छौं । त्यहाँ जनताको पक्षमा हामीले बडो सतर्कतापूर्वक काम गरिरहेका छौं । त्यहाँ हामीबीचको समझदारी राम्रो छ । त्यसैले त्यहाँ कुनै पनि फरक पर्दैन । निश्चितरूपले केन्द्रबाट पाउनु पर्ने अधिकार हामीले पाइरहेका छैनौं । त्यसका लागि राजपा आन्दोलनमा आउँछ भने राम्रो कुरा हो ।

**० एकातिर सरकारमा पनि बस्ने र अर्कोतिर आन्दोलन पनि गर्ने, यो दोहोरो चरित्र भएन र ?**

– यो त स्वाभाविक हो नि । प्रदेश २ मा हामी पनि आन्दोलन गरिरहेका छौं । हाम्रो प्रदेश २ को सरकारले केन्द्रीय सरकारको विरूद्धमा बोलिरहेकै छौं । हामी आन्दोलनकै लागि सरकारमा छौं । हाम्रो उद्देश्य सरकारमा गएर मन्त्री पद खाने मात्रै होइन । त्यहाँ गएर यथार्थ कुरालाई बुझेर सरकार समक्ष राख्ने हो ।

**० फोरम नेपालको जहिले पनि दोहोरो नीति देखिएको छ नि ?**

– फोरमको नीति नै यथार्थपरक नीति हो । किनभने राजनीतिमा जनताले दिएको शक्तिलाई प्रयोग गर्ने हो । जनताले हामीलाई जति शक्ति अहिलेसम्म दिएको छ, त्योभन्दा बढी उपलब्धि लिन हामी जहिले पनि सफल भएका छौं । अहिलेसम्म हामीले जति नीति लिएका छौं, त्यही कुरालाई लिएर हाम्रा सहयात्री राजपा नेपाल अगाडि बढ्दै आएको छ । त्यसैले हामीले लिएको नीति गलत थिएन । हाम्रो क्षमताले भ्याएसम्म मधेशी जनता मात्र होइन, देशमा पिछडिएका जनजाति, आदिवासी, मधेशी, महिला सबैको अधिकार सुनिश्चित गराउन राजनीतिमा नीति परिवर्तन गर्नुपर्छ ।

**० संविधान दिवसको सन्दर्भमा पनि तपाइँहरूको दोहोरो नीति देखियो नि ?**

– हाम्रो नीति थियो कि कुनै पनि सार्वजनिक रूपमा केन्द्रीयस्तरमा कार्यक्रम नगर्ने । किनभने उपलब्धि हासिल गर्नका लागि जहिले पनि उग्ररूप धारण गरेर नै हुँदैन । केही सहमति सरकारले हामीसँग गरेको छ र त्यसको पर्खाईमा थियौं । त्यसका लागि धेरै कुराहरू अगाडि पनि बढेको छ । तर, प्रदेश २ को समितिले आफ्नो हिसाबले केही कार्यक्रम गऱ्यो । संघीय संरचनाअनुसार प्रदेशको आफ्नो अधिकार त छँदैछ । त्यसमा कुनै किसिमको विवाद भएन ।

**० जसरी तपाइँहरू संशोधनका लागि सत्तापक्षीय दलसँग सहमति गर्नुभएको छ, त्यस हिसाबले अहिलेसम्म सरकारको व्यवहार हेर्दा संशोधन हुने देख्नुहुन्छ ?**

– विगतमा तत्कालीन नेकपा एमालेको मधेशप्रति हार्ड लाइन थियो, त्यसमा परिवर्तन आएकै हो । उनीहरूले महसुस गरेका छन् कि यसरी मधेशका समस्याहरू समाधान नगरी देशलाई अगाडि बढाउन सकिन्न । त्यसमा हामी सफल भएका छौं । त्यसैले, संशोधनको बारेमा नेकपा भित्र धेरै परिवर्तन भएको छ । त्यसैले हामीलाई विश्वास छ कि संविधान संशोधन हुन्छ ।

**० तपाइँहरूले भनेजस्तै संशोधन हुन्छ ?**

– हाम्रो प्रयास रहन्छ कि हामीले भनेअनुसार संशोधन होस् । त्यसका लागि हामी अधिकतम् प्रयास पनि गरिरहेका छौं । तर, हामीले चाहेको सबै भइहाल्छ भन्न गाह्रो छ ।

**० अहिलेसम्म संशोधनको प्रक्रिया पनि सुरू भएको छैन, कहिलेसम्म होला ?**

– राजनीतिमा तपाइँको शक्ति कति छ, त्यो धेरै महत्वपूर्ण कुरा हुन्छ । समयसीमा तोकेर नै संशोधन हुन्छ भन्ने किटान गर्ने स्थितिमा त्यो बेला हामी थिएनौं । यसमा धेरै कुरा अगाडि बढेको छ । यस विषयमा प्रधानमन्त्रीको धारणा परिवर्तन भएको छ । उनले संशोधन गर्छु भनेर पनि भन्दै आएका छन् ।

**० तर, प्रधानमन्त्रीले आवश्यक्ता र औचित्यको आधारमा संशोधन हुन्छ भनेका छन् नि ?**

– यो शब्दले नै धेरै कुरालाई स्पष्ट गर्छ । किनभने एक वर्ष पहिला उनको अभिव्यक्ति र अहिलेको अभिव्यक्तिमा आकाश-पातालको फरक छ । त्यसैले हामीलाई विश्वास छ कि हामीले चाहेको, खोजेको जुन परिवर्तन र संशोधन हो त्यसमा धेरै हदसम्म प्राप्त गर्न सक्छौं ।

**० भनेपछि सत्तापक्षले संशोधन महसुस मात्रै गरेको छ, आवश्यक्ता र औचित्य पुष्टि भएको छैन ?**

– त्यसरी नभनौं । उनीहरूले महसुस गरिसकेपछि मुलुकसँग उनीहरूलाई पनि प्रेम छ नि । मधेशको कल्याण होस्, आदिवासी जनजातिको कल्याण होस् भन्नका लागि संशोधन नगरिकन सम्भव छैन । उनीहरूलाई पनि गाह्रो हुन्छ नि । जब महसुस गरिसकेको छ भने अब कार्यान्वयन कसरी गर्ने त्यसतर्फ अब अग्रसर हुनुपर्छ ।

**० प्रदेश २ को नामाकरणको सन्दर्भमा अहिले व्यापक छलफल र बहस चलिरहेको छ, तपाइँको धारणा के छ ?**

– निश्चितरूपमा प्रदेश २ मा अहिले नाम र भाषा टुंगो लगाउनु महत्वपूर्ण विषय रहेको छ । लोकतन्त्रमा सबैको विचार आउनुपर्छ । त्यहाँ दुईटा धार मुख्य रूपमा देखिएको छ । एक धार मधेश आन्दोलनबाट उब्जिएको मधेश प्रदेशको माग गरेको छ । अर्को धार त्यहाँको जुन ऐतिहासिक पहिचान हो मिथिला प्रदेशको माग गरिरहेको छ । मिथिलाको ऐतिहासिकता त्रेता युगदेखि नै सुरू हुन्छ । यो देशमा संघीयताको आधार नै पहिचान रहेको हुनाले त्यो पहिचानलाई आत्मसात गर्ने र पहिचानलाई लिएर संघीय आन्दोलनमा लागेका साथीहरूबाट मिथिला राज्यको माग पनि सशक्तरूपमा उठेको छ । कतिपय ठाउँबाट मिथिला-भोजपुरा, मध्यमधेश लगायतका नाम पनि आइरहेका छन् । नाम टुंगो लगाउनका लागि प्रदेश २ को सरकारले एउटा समिति पनि बनाएको छ । त्यो समितिले सबैभन्दा उपयुक्त नामाकरण गर्न सक्नुपर्छ ।

**० प्रदेश २ का सत्तारूढ दलहरू 'मधेश प्रदेश' हुनुपर्ने भनिरहेको छन् नि ?**

– मधेश प्रदेश कुनै पार्टीको आधिकारिक निर्णय होइन । नेता कार्यकर्ताहरूले आ-आफ्ना व्यक्तिगत धारणा राखिरहेका छन् । सबैले आ-आफ्नो धारणा राख्न पाउनु नै लोकतन्त्र हो । निर्णय गर्ने बेलामा प्रदेश सरकारले सबैभन्दा उपयुक्त छनोट गर्छ ।

**० तर, तपाइँले मधेश प्रदेश नामाकरणप्रति कडा आलोचना गर्नुभएको छ, किन ?**

– मैले सामाजिक सञ्जालमा आफ्नो धारणा राखेको छु कि जुन पार्टीहरूले आफ्ना पार्टीको नामबाट मधेश शब्द हटाइसकेका छन् उनीहरू कुन आधारमा मधेश प्रदेश भनिरहेका छन् । यो आलोचना होइन मेरो व्यक्तिगत धारणा हो । हामीले संघीयताको आन्दोलन जसरी गऱ्यौं, त्यसको मुख्य मुद्दा नै पहिचानको आधारमा संघीय राज्यहरू स्थापना गर्ने मुख्य माग थियो र छ । जुन बेला ११ प्रदेशको अवधारणा आएको थियो, त्यसको समर्थक हाम्रो पार्टी छ । अहिलेको प्रदेश २ को नाम यदि मिथिला राज्य भयो भने त्यसको ऐतिहासिक महत्व र आधारभूत संरचना विकास गर्नका लागि धेरै सहयोग पुऱ्याउँछ अन्य नामभन्दा ।

**० कसरी ?**

– मिथिला नाम भनेको एक सय करोड हिन्दूको आस्थासँग सम्बन्धित हो । सय करोड हिन्दूको केन्द्र हो मिथिला । मिथिला राम र सीतासँग जोडिएको धार्मिकस्थल हो । मिथिला नाम यदि राख्यौं भने सय करोड हिन्दूहरूलाई धार्मिक पर्यटनको रूपमा आकर्षण गर्न सक्यौं भने एक वर्षमा पर्यटनबाट कम्तीमा १०-१५ हजार करोडको आम्दानी हुनसक्छ । नेपालमा यति ठूलो आम्दानी गर्ने कुनै पनि प्रदेश बन्नै सक्दैन । एउटा नामले यदि हामीले १० देखि १५ हजार करोडको वार्षिक आम्दानी पर्यटनबाट हुन्छ भने अन्य नाममा जानुपर्ने आवश्यक्ता नै छैन । यो त्यहाँका जनताका लागि न्याय हुनेछ । किनभने विकासका लागि प्रदेश २ मा दुईटा चीज मात्रै छन्, त्यो हो- पर्यटन र कृषि । कृषि उपजलाई अगाडि बढाउनका लागि त्यहाँका नदीनालालाई प्रयोग गर्नुपर्छ । तर सही विकास पर्यटनबाट हुन्छ । मिथिला नामबाट नै सय करोड हिन्दूलाई आकर्षण गर्ने क्षमता यदि हामीमा छ भने त्यसलाई उपयोग गर्नुपर्छ, भावनामा बग्नु हुँदैन ।

**० तर, मिथिला प्रदेश राखियो भने भोजपुरी भाषीको अवमूल्यन हुन्छ भनिन्छ नि ?**

– हुँदैन । इतिहास धेरै पुरानो छैन । हामी सबैलाई थाहा छ कि मिथिलाको राजधानी सिम्रौनगढ थियो र सिम्रौनगढ बारा जिल्लामा पर्छ । बाराबाट पर्सा मात्रै पश्चिम छ । बाराभन्दा पूर्वमा त सबै मिथिला छँदैछ । मिथिलाको राजधानी बाराको सिम्रौनगढ थियो भने त्यहाँको भाषा मैथिली बाहेक अरू हुनै सक्दैन । कालान्तरमा कुनै कारणले अलिकति 'टोन' परिवर्तन भएको होला तर मैथिली नै भाषा हो जस्तो लाग्छ । बरू प्रदेश २ को नाम मिथिला राखौं र राजधानी सिम्रौनगढ बनाऔं । नयाँ राजधानीको उत्थान गरौं । जसले गर्दा बारा, पर्सा, रौतहटका मान्छेको पनि उन्नति र विकास हुन्छ र जनकपुरधामलाई एउटा धार्मिक राजधानीको रूपमा विकसित गरौं, जसले गर्दा त्यहाँ पनि पर्यटन बढ्छ । जसबाट आठवटै जिल्लालाई पर्यटकीयस्थल बनाएर प्रदेश २ लाई देशकै सबैभन्दा धनी प्रदेशको रूपमा विकसित गर्न सकिन्छ । त्यसैले नाम मिथिला र राजधानी सिम्रौनगढ राख्नुपर्छ ।

**० तर, मधेश आन्दोलनका बेला जसरी मधेशभरि नेपाल सरकारको ठाउँमा मधेश सरकार लेखिएको थियो, त्यो मर्ममाथि प्रहार हुँदैन ?**

– मधेश आन्दोलनको मर्म झापादेखि कञ्चनपुरसम्मको थियो । त्यो आठ जिल्लाका लागि मात्रै मधेश सरकार भनिएको थिएन । मधेश प्रदेश यदि कायम गर्नुछ भने त्यसका लागि अहिले पनि मिथिला तयार छ । मिथिला कहीं पनि बाधक छैन । तर, मधेश प्रदेशको मागमा पनि मिथिला, भोजपुरा, अवध, थारूको अस्तित्व छुट्टै रहने माग सबै पार्टीको थियो । कुनै पार्टी त्यसमा विचलित थिएन । त्यसैले अब आएर आठ जिल्लाको मात्र कुरा भइरहेको छ भने त्यसको नाम मिथिला राखेर त्यसको सहयोग लिएर हामी यदि झापादेखि कञ्चनपुरसम्मको मधेशलाई जीवित राख्न खोज्यौं भने सम्भव छ । आठ जिल्लालाई नै मधेश प्रदेश गरिदियो भने यसको इतिहास बिर्से हुन्छ कि अब हामी झापादेखि कञ्चनपुरसम्मको कुरा गर्दैछौं । यदि मधेश आन्दोलनको यथार्थतालाई यो देशमा उतार्नुछ भने प्रदेश २ को नाम मिथिला हुनुपर्छ र मधेश आन्दोलनलाई लिएर अगाडि बढ्नुपर्छ ।

(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)

# किन हुन्छ बलात्कार ?



लिलेश यादव

सुन्दर भविष्य बनाउने उद्देश्य लिएर पढ्न गएकी छोरी, आफ्नो परिवारलाई गरीबिबाट माथि उठाउनका लागि जागिर गर्न गएको छोरी वा साथीहरूसँग मेला घुम्न गएको छोरी सकुशल घर फर्किने हो कि होइन भन्ने चिन्ताले हरेक आमाबुवालाई सताइरहेको हुन्छ । आमाबुवालाई चिन्ता हुनुको विभिन्न कारणहरू मध्ये बलात्कार एउटा ठूलो चिन्ताको बिषय हो । आजभोली बलात्कार हुने त्राश धेरै दिदीबहिनीहरूलाई हुने गर्छन । किनभने कतै पाँच बर्ष भन्दा मुनिको नानी बलात्कृत भएकी छिन् भने कतै ७० बर्षभन्दा बढी उमेरका महिला बलात्कृत हुन्छिन् । कतै आफ्नै बुवाबाट, शिक्षकबाट, आफन्तबाट बलात्कार भइरहेकी छिन् । गएको सात बर्षमा नेपालमा ६,६२७ बलत्कारसम्बन्धी मुदा दर्ता भएको छ । नेपालमा प्रत्येक महिना ७८ ओटा बलत्कारसम्बन्धी मुदा दर्ता हुन्छ । जसमध्ये सन् २०१७ र १८ मा मात्र १४८० वटा मुदा दर्ता भएका छन् । जुन नेपालको जनसंख्याको आधारमा धेरै नै हो । नेपालमा बलात्कार हुने संख्यामा धेरै वृद्धि हुनुको कारणहरू धेरै छन् जसमध्ये केही प्रमुख कारणहरूलाई यहाँ विश्लेषण गरिएको छ ।

**कडा कानुन तथा छिटो न्याय प्रणालीको व्यवस्था**

नेपालमा केही वर्ष पहिले बलात्कार गर्नेलाई ५ देखि ३० वर्षसम्म कैद हुने गर्थ्यो तर नेपाल सरकारले ल्याएको नयाँ कानुनले जर्बजस्ती करणी गरी यदी मारेको छ भने आजीवन कारावास हुने व्यवस्था गरेको छ । तर पनि नेपालकी महिला तथा दिदीबहिनीहरूले बलात्कारीलाई फाँसी दिनु पर्ने कानुनको माग गर्दै विभिन्न ठाउँमा प्रदर्शनहरू गरेका छन् ।

उदाहरणको रूपमा केही समय पहिले माइतीघर मण्डलमा पेटिकोट लगाएर युवतीहरूले प्रदर्शन गरेका थिए । ती प्रदर्शनकारीको मुख्य माग बलात्कारीलाई फाँसी दिनु पर्ने नै थियो । विश्वका विभिन्न देशहरूले बलात्कारीलाई फाँसी दिनुपर्ने कानुन ल्याएका छन् । जुन किसिमले नेपालमा बलात्कारका घटना वृद्धि भइरहेको छ, त्यस अनुसार नेपालमा पनि बलात्कारीलाई फाँसी दिनुपर्ने नयाँ कानुन ल्याउनुपर्ने देखिन्छ ।

नेपालमा जति धेरै बलात्कारको घटनासम्बन्धी मुद्दा दर्ता भए पनि त्यसको २५ प्रतिशतले पनि मुस्किलले न्याय पाउने गरेका छन् । बलात्कृत भएकी महिलाले न्यायको ढोका धेरै दिनसम्म ढकढकाउनु पर्ने हुनाले कतीपय महिला मुद्दा लडेर न्याय पाउनुभन्दा पनि मिलापत्र गर्ने अवस्थामा पनि पुगेका हुन्छन् । ढिलो न्याय पाउने व्यवस्थाले गर्दा बलात्कृत महिला माथि विभिन्न किसिमका दबाबहरू आउने गर्छन् । नेपाल सरकारले बलात्कारलाई महिलामाथि हुने सबैभन्दा गम्भीर अपराधको संज्ञा दिँदै कठोर सजाय दिने कानुनी व्यवस्था ल्याउन जरूरी छ ।

**एउटै परिवारमा राजनीति केन्द्रीकरण हुनु :**

एउटै परिवारबाट स्थानीय निकायको मेयर अथवा उपमेयर, प्रदेशसभाको सदस्य र प्रतिनिधिसभाको सदस्य हुनुलाई राजनीतिको केन्द्रीकरण हुनु भनिन्छ । नेपालमा केहि यस्ता परिवार पनि छन् जसका सदस्यहरू स्थानीय निकायको



मेयरदेखि प्रतिनिधिसभाको सदस्य भएका छन् । राजनीतिक रूपले त्यस्ता परिवारहरू एकदम बलिया छन् । यस्ता परिवारको कारणले गर्दा नेपालमा भ्रष्टाचार समेत बढ्दै गएको छ । यस्ता परिवारका सदस्यले केहि गल्ती गर्दा पनि कसैले केही बोल्न सक्दैनन् । यस्ता परिवारको गतिविधिलाई हेर्दा कतिपय बुढापखाहरूले भन्ने गर्छन् नेपालमा फेरी राणासाशन आयो । यस्ता परिवारले जनताको सल्लाह सुझाव बिना नै एकलौटी रूपमा निर्णय लिने गरेका छन् ।

निर्मला पन्तलाई बलात्कार गरी हत्या गरेको महिनै बितिसक्यो तर त्यसको दोषी पता नलाग्नुमा कतै न कतै राजनीतिक शक्ति केन्द्रीकरण नै हो जस्तो लाग्छ । देशका हजारौं युवा, पत्रकार र शुभचिन्तकहरूले सडकमा आएर प्रदर्शन गरे तर अहिलेसम्म निर्मलाको हत्याराको पत्तो लागेको छैन ।

**लागूपदार्थ तथा जाँड रक्सिको प्रयोग**

नेपालमा लागूपदार्थ तथा जाँड रक्सीको प्रयोग अत्याधिक मात्रामा भइरहेको पाइन्छ । एउटा नाबालक युवादेखि लिएर बुढापाखाहरू समेत यस्ता कुलतमा फँसेको छन् । विश्व स्वास्थ्य संगठनले १८३ देशमा लागू औषध प्रयोगकर्ताको बारेमा अध्ययन गर्दा नेपाल ११९ औ स्थानमा परेको छ । यो प्रतिवेदनले यो देखाउँछ कि नेपाल लागूपदार्थ तथा जाँडरक्सी प्रयोगमा नराम्रोसँग फस्दै गएका छन् ।

नेपालमा बलात्कारमा वृद्धि भइरहनुको एउटा मुख्य कारण लागूपदार्थको प्रयोग पनि हो । लागूपदार्थ तथा जाँड रक्सीको सेवन बढ्दे जाँदा धेरै बलात्कारका घटनाहरू हुने गरेका छन् । कास्की जिल्लामा बस्ने १० बर्षकी श्रेया सुनारलाई कुशुम पौडेलले बलात्कार गरी हत्या गरेका थिए । कुशुम पौडेल र केही स्थानीयको बयानले यो कुरा स्पष्ट हुन्छ कि श्रेयाको बलात्कार तथा हत्या गरेको दिन कुशुम पौडेलले अत्याधिक मात्रामा लागूपदार्थ तथा रक्सीको सेवन गरेर मातेका थिए । लागू पदार्थ तथा रक्सिको प्रयोगले गर्दा बलात्कार तथा हत्यामा वृद्धि हुन्छ भन्ने एउटा ठूलो उदाहरण हो यो ।

जबसम्म रक्सी तथा लागूपदार्थ बिक्री वितरण सम्बन्धी कडा कानुन ल्याइदैन, तबसम्म बलात्कारमा कमी ल्याउँछु भन्ने कल्पना नगर्दा पनि हुन्छ । रक्सीको बिक्री वितरणमा कमी ल्याउनको लागि तिनै तहको सरकारले एक अर्कासँग सरसल्लाह र सुझावको अधारमा कडा कानुनको व्यवस्था गर्नुपर्छ । अनि मात्र लागू पदार्थ तथा रक्सीको प्रयोगमा कमी आउनुको साथै बलात्कारको घटनामा पनि कमी आउँछ ।

**बेरोजगारी**

नेपालमा कलकरखाना कम हुनु, भएको बन्द हुँदै जानु र व्यवसायिक वातावरण बन्नु जस्ता कारणले देशमा बेरोजगारी दिनप्रतिदिन बढ्दै गइरहेको छ । देशबाट ४० लाख युवाहरू विदेशमा गएर काम गरिरहेका छन् । विदेशिएका युवाले दिनरात मेहनत गरेर पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्र चलिरहेको छ । श्रीमान श्रीमती टाढा भएर विदेशमा बस्दा बाबुले छोरीलाई बलात्कार गरेको धेरै उदाहरणहरू छन् । त्यसैगरी छोरा तथा ज्वाई विदेश गएको अवस्थामा बुवा तथा ससुराले आफ्नो छोरी तथा बुहारीलाई यौन शोषण तथा बलात्कार गरेको धेरै उदाहरण छन् । त्यसकै एउटा उदाहरण हो बर्दिया जिल्लामा पर्ने बढैया ताल ८ का ६३ बर्षीय बुवाले आफ्नो १९ बर्षीय छोरीलाई बलात्कार गरेको घटना । माईत आएको छोरीलाई पटक-पटक करणी गरिरहेको थियो । इलाका प्रहरी निरीक्षण गणेश सिंह महताले श्रीमान् विदेश गएको मौका छोपी माइत बसेको छोरीलाई बाबुले जबराजस्ती करणी गर्दै आएका थिए । श्रीमान् विदेशबाट फर्केपछि बाबा विरूद्ध छोरीले जबरजस्ती करणीको मुद्दा हालिन् तर अहिलेसम्म न्याय पाउन सकेकी छैनन् । यदी देशमा नै रोजगारीको अवस्था भएको भए सायद यस्तो घटना हुँदैन्थ्यो होला । त्यसकारणले बलात्कार कम गर्नुछ भने नेपाल सरकारले देशभित्र रोजगारी सिर्जना गर्नैपर्छ ।

**सामाजिक सञ्जाल**

कुनै पनि व्यक्तिले आफ्ना विचार, सुचना, फोटो आदि इन्टरनेटको माध्यमले एकअर्कासँग आदान प्रदान गर्नुलाई सामाजिक सन्जाल भनिन्छ । सामाजिक संजालले गर्दा हामी आफ्नो कुरा एकअर्कासँग सजिलै गर्ने गर्छौं ।

सामाजिक संजालको माध्यमले चिने जानेको साथीहरूसँग भेट्न जाँदा बलात्कृत भएकी धेरै उदाहरणहरू छन् । ती उदाहरणहरू मध्येबाट एउटा उदाहरण लिएका छौ काठमाडौंको मुटुमा पर्ने ल्याण्डमार्क होटेलमा २२ बर्षीय युवतीको सामूहिक बलात्कार । फेसबुकको माध्यमले चिनजान भएको र केही दिनको कुराकानी पछि साथी सैलेशसँग भेट्न जाँदा युवती सामूहिक बलात्कृत भएकी थिइन् ।

सामाजिक सञ्जालको सही प्रयोगले गर्दा हामीले धेरै फाईदा लिन सक्छौ । तर, यसको गलत प्रयोगले गर्दा हामीलाई धेरै नकारात्मक प्रभाव पर्नसक्छ । कतिपय यस्ता व्यक्तिहरू छन् जसले जथाभावी रूपमा नचिनेको साथी बनाएर कुराकानी गर्ने कोशिस गरिरहेका हुन्छन् । सामाजिक संजालको माध्यमले बिना चिने जानेका मानिसहरूसँग कुराकानी गर्नु हुँदैन र तिनीहरूसँग कहिले पनि भेट्न जानु हुँदैन । बलात्कार घट्दा बढ्दै जानुमा सामाजिक संजालको सहज पहुँचलाई पनि लिन सकिन्छ ।

**मिडिया**

मिडियाले बलात्कारको खबरलाई यति विस्तारले लेख्छ कि धेरैको मनमा घृणा उत्पन्न हुन्छ भने कतिपयलाई चासो उत्पन्न हुन्छ । कुनै पनि खबरहरूलाई हेर्यो भने सबैभन्दा बढी बलात्कार सम्बन्धी खबरलाई पढेको पाइन्छ । कतै मिडियाहरूले समाजको यस्तो नराम्रो खबरलाई मसला लगाएर अरू धेरै मसालेदर बनाएको त होइन ?

मिडियाले यदी देखाउने हो भने चेतनाशीलता, शिक्षा, गलत तथा सही छुवाईको बारेमा लेख्नु र देखाउनु आवश्यक देखिन्छ ।

जसले कुनै महिलालाई बलात्कार गरेको छ, त्यसको दिदी, बहिनी, छोराछोरीलाई समाजले कस्तो व्यवहार गरिरहेको छ । बहिष्कार गरेको छ कि सम्मानपूर्वक त्यो परिवार बाँचिरहेको छ कि त्यो विषयलाई बाहिर ल्याउने काम मिडियाले गर्नुपर्छ ।

## मधेश अपडेट

### भारत सदैव तत्पर : राजदूत पुरी



जनकपुरधाम । नेपालका लागि भारतीय राजदूत मन्जिव सिंह पुरीले जनकपुरधामको सौन्दर्यीकरणका लागि भारत सरकार सदैव तत्पर रहेको बताएका छन् । शुक्रबार बिहान जनकपुरधाम उपमहानगरपालिकाका मेयर लाल किशोर साहसँग भेटघाटको क्रममा उनले सो कुरा बताएका हुन् । जनकपुरधाममा भइरहेको विकास निर्माणका लागि राजदूत पुरीले मेयर साहलाई बधाई दिएका छन् । उनले जनकपुरधाम र भारत बीचको सम्बन्ध पौराणिक राहेकोले यहाको विकास निर्माणमा सहयोग गर्न भारत तयार रहेको बताएक थिए । राजदूत पुरी र मेयर साहबीच भएको भेटघाटमा विवाहपञ्चमीमा यूपिका मुख्यमन्त्री योगी आदित्य नाथको जनकपुरधाम भ्रमण, जनकपुरधाममा भइरहेको विकास निर्माण र क्रिकेट स्टेडियमको विषयमा कुराकानी भएको स्रोतले जनाएको छ ।

### प्रदेश २ प्रति गम्भीर छैन : निधि

कैलाली । नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधिले प्रदेश २ प्रति केन्द्र र प्रदेश सरकार पनि गम्भीर नरहेको बताएका छन् । उपसभापति निधिले प्रदेश नं २ बाहेक ६ वटै प्रदेशमा कम्युनिष्ट पार्टीको बाहुल्यता रहेको उल्लेख गर्दै भने, 'प्रदेश सरकारलाई न त केन्द्रीय सरकारले अधिकार दिएको छ न त प्रदेश सरकार नै अधिकार लिनका लागि सक्रियरूपमा अगाडि बढेका छन् ।' उनले नेपाली काङ्गेसले पुन: लोकतान्त्रिक शासन प्रणालीको पक्षमा सशक्तरूपले उभिनुपर्ने आवश्यकता देखिएको बताएका छन् । नेपाल प्रेस युनियन कैलालीले आज धनगढीमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उनले अहिलेको अवस्थामा कांग्रेसले सङ्घीय शासन प्रणाली, समावेशी शासन प्रणाली र संविधानको सफल कार्यान्वयनका लागि उभिनुपर्ने आवश्यकता रहेको बताए ।

### शहीदको सम्झना

चन्दनकुमार यादव, राजविराज । मधेश आन्दोलनका शहीद नागेश्वर यादवको समझ्नामा एक कार्यक्रमबीच तेस्रो स्मृतिसभा मनाएको छ । रूपनी गाउँपालिका वडा नम्बर-४ स्थित छपकी टोलमा बुधबार नागेश्वरको सम्झनामा स्मृतिसभाको आयोजना गरी मनाएको हो । मधेश आन्दोलनको क्रममा ०७२ मंसिर ५ गतेका दिन रूपनीमा प्रहरी र आन्दोलनकारीबीच भएको झडपमा नागेश्वर यादवको गोली लागी मृत्यु भएको थियो । सो अवसरमा प्रदेश २ का सांसद मनिष कुमार सुमनले शहीद नागेश्वर यादवको समाधि स्थलमा फुलमाला लगाई श्रद्वान्जली अर्पण गरेका छन् । सो अवसरमा राजपाका सहमहासचिव गजेन्द्र मण्डलले शहीदको सपना साकार गर्न राजपा पूर्णरूपले लागेको बताउँदै राजपाले सम्पूर्ण शहीदको शालिक बनाउने र उनका परिवारलाई रोजगारको ग्यारेन्टी गर्ने बताए । सोही अनुसार शहीद नागेश्वर यादको पत्नी सुष्मा यादबलाई रूपनी गाँउपालिकाको कार्यालयमा सामाजिक परिचालकको रूपमा रोजगार दिएको छ ।

### लुम्बिनी "पञ्चशील क्षेत्र" घोषणा

रूपन्देही । गौतमबुद्धको जन्मस्थल लुम्बिनीलाई पञ्चशील क्षेत्र घोषणा गरिएको छ । लुम्बिनी विकास कोष र लुम्बिनी सांस्कृतिक नगरपालिकाले बुधबार लुम्बिनीमा आयोजना गरेको कार्यक्रममा संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीले लुम्बिनीलाई पञ्चशील क्षेत्र घोषणा गरेका हुन् । लुम्बिनी शान्ति र अहिंसाको भूमि हो । यो क्षेत्रभित्र 'हत्या, हिंसा, चोरी व्यभिचार र मदिरापान गर्न पाइने छैन, पञ्चशील क्षेत्र घोषणा गर्दै मन्त्री अधिकारीले भने, 'बुद्धभूमि शान्त र सुन्दर छ, भनेर विश्वमाझ सन्देश दिन यो क्षेत्रमा पञ्चशीलको पालना जरूरी छ ।' मन्त्री अधिकारीले कार्यक्रम घोषणा गर्नु मात्रै ठूलो कुरा नभएको बताउँदै व्यावहारिक कार्यान्वयनमा विशेष जोड दिनुपर्ने बताए ।

### "लोकतन्त्रमाथि खतरा"

जनकपुरधाम । नेपाली काङ्गेसका केन्द्रीय सदस्य डा डिला सङ्गैलाले सरकारले लोकतन्त्रका खम्बाहरूमाथि आक्रमण गरिरहको आरोप लगाएका छन् । नेपाली कांग्रेसको राजनीतिक प्रस्ताव मस्यौदा सम्बन्धमा राय-सुझाव सङ्कलनका लागि आइतबार यहाँ आयोजित प्रदेश नं २ स्तरीय कार्यशाला गोष्ठीमा उनले सो आरोप लगाएका हुन् । हिंसा, बलात्कार, हत्या, महँगी, भ्रष्टाचार, मौलिक अधिकार, कर वृद्धि, प्रेस स्वतन्त्रता तथा न्यायपालिकामाथिका आक्रमणप्रति सरकारको उदासीनताले लोकतन्त्रमाथि खतराको कालो बादल मडारिरहेकाले नेपाली काङ्गेस मौन बस्न नहुने धारणा पनि उनले राखे । उनले काङ्गेसले अर्जुनदृष्टिका साथ सरकारी पक्षको द्वैध चरित्रविरूद्ध ऐक्यबद्ध हुनुपर्ने खाँचौं औंल्याउँदै मधेश केन्द्रित दल कम्युनिष्ट सरकारको भ्रमजालमा परी मधेशी जनताको मुद्दालाई ओझेलमा पारेको बताए । सरकारले प्रदेश सरकारलाई औचित्यहीन बनाउँदै सङ्घीयतालाई नै धरापमा पारेको भन्दै उनले काङ्गेसले लोकतन्त्र तथा सङ्घीयताको रक्षा गर्न अग्रसर हुन जरूरी भएको धारणा राखे ।

### शिवसेनाको ध्यानाकर्षण

नेपालगञ्ज । हिन्दुहरूको धार्मिक भावनालाई ठेस पुऱ्याउने काम भइरहेकोमा आफ्नो गम्भिर ध्यानाकर्षण भएको भन्दै नेपाल शिवसेनाले गृहमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ । केही दिन अगाडी बाँकेको हिरिमिनियामा गाई काटिएको घटनालाई सम्झाउँदै सो घटनामा संलग्नहरूलाई कडाभन्दा कडा कानुनी कार्यवाहीको माग समेत गरिएको छ । विज्ञप्तीमा भनिएको हिन्दुहरूको पर्व तिहार र छठ पुजाको लगत्तै नेपालगन्ज उपमहानगरपालिका वडा नं. २३ जंगलीसिंह पुरवामा गाई काट्ने काम गरेर गैरहिन्दु समुदायका अनुयायीहरूले समाजमा जातिय द्वन्द्व मच्चाउन र धार्मिक भावनामा आघात पुऱ्याउने कार्य गरेकोले त्यो सम्वेदनशिल विषयमा पनि राजनीतिक दबावका आधारमा दोषीलाई उम्काउने प्रयास भएको छ । अपराधी जोसुकै भएपनि नेपाल सरकारले उचित सजाय गरोस् भन्दै ज्ञापनपत्र मार्फत नेपाल शिवसेनाले ३ सुत्रीय माग अगाडी सारेको छ । नेपाल शिवसेना र नेपाल आर्य समाजद्वारा जारी विज्ञप्तीमा कुनै पनि बहानामा दोषीलाई बचाउने काम नहोस्, अपराधको छानबिन चुस्त र भरपर्दो होस्, अपराधीलाई अविलम्भ कानुनको दायरामा ल्याएर कार्यवाही गरियोस् भनिएको छ । ज्ञापनपत्र जिल्ला प्रशासन कार्यालय बाँकेका प्रमुख जिल्ला अधिकारीमार्फत गृहमन्त्रीलाई पठाइएको छ ।

### अविश्वासको प्रस्ताव खारेज

रौतहट । नेपाल पत्रकार महासंघ रौतहटको सभापति रविन्द्र साह माथि लगाइएको अविश्वासको प्रस्ताव बहुमतबाट खारेज भएका छन । शनिवार रौतहटको बौधिमाई नगरपालिकाको बंकुल स्थित ओम विबाह भवनमा आयोजना गरिएको १० औ साधारण सभाबाट अध्यक्ष साह माथि लगाइएको अविश्वासको प्रस्ताव खारेज गर्ने निर्णय बहुमतबाट पारित भएपछि खारेज भएको हो । अविश्वास प्रस्ताव दर्ता गराएका पक्ष कार्यक्रममा उपस्थित भएर आरोप पुस्टि गर्न नसक्दा उपस्थित भएका ५१ प्रतिशत सदस्यले प्रस्तावको विपक्षमा हस्ताक्षर गरेका थिए । केन्द्रीय प्रतिनिधि शीतल महतोको विशेष उपस्थतिमा भएको कार्यक्रममा प्रमुख अतिथिको आसन्नबाट सम्वोधन गर्दै संघीय समाजवादी फोरम नेपालका प्रदेश नंबर २ का प्रदेश सांसद राम किशोर यादवले पत्रकार देशको चौथो अंगको रूपमा रहेको हुदा सत्यको पक्षमा कलम चलाउन आग्रह गरे । उहाले भने पत्रकार विच रौतहटमा देखिएको गुट उपगुट दुखद रहेको छ ।

### बिरामीलाई फलफूल

कपिलवस्तु । ईन्टरनेशनल नेपाल फेलोशिप नेपाल (आईएनएफ) को ६६ औं बार्षिक उत्सवको अवसरमा तौलिहवा अस्पतालका बिरामीलाई फलफुल बितरण गरिएको छ । आईएनएफको दाङ्ग कम्युनिटी कलस्टर अर्न्तगत कपिलवस्तु कार्यालयको आयोजनामा अस्पतालमा उपचाररत बिरामीलाई फलफुल बितरण गरिएको हो । आईएनएफका सदस्य नर बहादुर शाह, कलस्टर प्रबन्धक राम बहादुर सिजाली र एजी अनुग्रह चर्चका पास्टर स्टेफन थापा सहित कार्यालयका कर्मचारीले बिरामीलाई फलफुल बितरण गरेका थिए । आईएनएफको बार्षिक उत्सवको अवसर पारी अस्पतालका बिरामीलाई फलफुल बितरण गर्ने कार्यमा सरिक हुन पाएकोमा खुसी लागेको आईएनएफका सदस्य नर बहादुर शाहले प्रतिक्रिया दिए ।

## प्रसुती गृह शिलान्यास



जनकपुरधाम । उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले जनकपुरधामलाई स्वास्थ्य सेवाको केन्द्र बनाउने बताएका छन् । अमेरिकी सरकारको सहयोगमा जनकपुर अञ्चल अस्पताल परिसरमा निर्माण हुन लागेको प्रसुती गृहको शिलान्यास गर्दै उपप्रधानमन्त्री यादवले सो कुरा बताएका हुन् । जनकपुर अञ्चल अस्पताललाई स्तरोन्नति गर्नुका साथै विभिन्न विशेषज्ञ सेवा संचालनको प्रयास समेत भै रहेको उल्लेख गर्दै उनले प्रादेशिक स्तरको आयुर्वेद अस्पताल समेत जनकपुरमै निर्माण गर्न लागिएको जानकारी गराए । जनकपुरको सरसरफाईमा सुधार ल्याउन जनकपुरवासीसँग आग्रह गर्दै उपप्रम यादवले भने, 'तपाईहरू सरसफाईमा ध्यान दिनुस् अन्य विकासको जिम्मा हाम्रो हो ।' ८ करोडको लगानीमा निर्माण हुन लागेको एक सय सैयाको प्रसुति गृहमा उच्चस्तरको सेवा प्रदान गरिने अस्पतालका मेसु रामपरिक्षण यादवले बताए । भवनसहित अन्य उपकरण र सुविधाका लागि अमेरिकी सरकारले एक अर्ब रूपैयाँ अनुदान उपलब्ध गराएको स्रोतले जनाएको छ ।

## मोहम्मद दिवस मनाइयो



मणि प्रसाद गैह्रे, कपिलबस्तु । मुस्लिम धर्मावलम्बीहरूले मोहम्मद डे नेपालसहित विश्वभर मनाएका छन् । इस्लाम धर्मका प्रवर्तक हजरत मोहम्मद पैगम्बरको १४९३ औ जन्म दिन कपिलवस्तुमा विभिन्न कार्यक्रम गरी मनाइएको हो । हजरत मोहम्मदको जन्म इस्लामी पात्रो हिजरी सम्वतको रब्बीअव्वल महिनामा साउदी अरबको मक्कामा बिबि आमिनाको कोखबाट भएको बताइन्छ । उनको निधन ६३ वर्षको उम्मेरमा साउदीकै मदिनामा भएको थियो । मोहम्मदको जन्मदिनमा विभिन्न नाअत शरिफ वाचन गर्ने तथा उनका उपदेश र वाणीको स्मरण गर्ने गरिन्छ । कपिलवस्तुमा रहेका मुस्लिमहरूले हजरत मोहम्मदको जन्म दिनको अवसरमा बृहत ऱ्यालीको आयोजना गरेका छन् । जिल्लाको तौलिहवा, कृष्णनगर, बहादुरगञ्ज, चन्द्रौटा, महाराजगञ्जमा मुस्लिमहरूले ऱ्याली निकालेर मोहम्मद डे धुमधामका साथ मानाएको मुस्लिम अगुवा नेता रउफ अहमद खांले बताए । ऱ्यालीमा उपस्थित मुस्लिम अगुवाहरूले मोहृमद डे को अवसरमा सरकारले सर्वाजानिक विदा दिनुपर्ने माग समेत गरेका थिए । जिल्ला प्रशासन कार्यालय मार्फत प्रधानमन्त्रीलाई सरकारले मुस्लिम धर्मको महत्वपुर्ण दिनमा विदा नदिएको आगामी वर्षमा विदा दिनको माग गरेका छन् । सरकारले मोहम्मद जयन्तीमा सार्वजनिक विदा नदिएकोले उनीहरूले दु:ख व्यक्त समेत गरेका थिए । जिल्ला प्रशासन कार्यालय मार्फत सरकारलाई ज्ञापन पत्र समेत बुझाएका छन् ।

# सामाचकेवा : प्रेम र आत्मीयताको सन्देश

गोपालप्रसाद बराल



वृन्दावनमें आइग लगै, कोई नई मुझाव रे...

हमर भैया ...(फलना) भैया , दौडि -दौडि मुझाव हे..!!' (बृन्दावनमा आगो लाग्दा निभाउने कोही भएनन्, मेरा दाजु (दाजुको नाम जोड्दै) दौडँदै आएर त्यो आगो निभाए)

महोत्तरीसहितका मिथिलाक्षेत्रमा कात्तिक शुक्लपञ्चमीका दिन शुरू गरेर कात्तिक पूर्णिमाका दिन समापन गरिने सामाचकेवा पर्वमा मिथिलानी (मिथिलाका नारी) ले आफ्ना दाजुभाइको सौर्य बखान गर्दै गीत गाइरहेका छन् ।

कात्तिक शुक्लपक्षका पछिल्ला ११ दिनभित्र चकमन्न रातमा आफ्नो बस्तीको चौबाटामा भेला भएर आआफ्ना दाजुभाइको बहादुरी वर्णन गीतमा गुञ्जाउँदै मनाइने यो पर्व अब समापनको सँघारमा छ । पूर्णिमा तिथिको रात्रिभोग भएका दिन 'सामा खेल' भनिने सामाचकेवा पर्व समापन गर्ने परम्परानुसार यसपालिको यो पर्व आजै बिहीबार राति समापन गरिन्छ । कात्तिक पूर्णिमा शुक्रबार बिहानभरि रहने भए पनि पूर्णिमाको रात्रिभोग आजै भएकाले पर्व आजै राति समापन हुने मिथिलानी बताउँछन् ।

पर्वमा गाइने गीत सबै दाजुभाइको सौर्य (बहादुरी) वर्णनको भाव समेटिएका हुन्छन् । कसैलाई आपत् पर्दा, दिदीबहिनीलाई अप्ठ्यारो पर्दा तथा बस्ती वरपर कुनै समस्या आइपर्दा त्यसको समाधान मेरै दाजु वा भाइले गरिरहेका हुन्छन् भन्ने भावका गीत आआफ्ना दाजुभाइको नाम नै जोडेर मिथिलानी गाउँछन् । यस्ता गीत सुन्दा दिदीबहिनी नहुनेहरूले 'मेरा चाहिँ दिदीबहिनी किन भएनन् ?' भन्ने गुनासो गरेको भेटिन्छ

द्वापर युगमा श्रीकृष्ण पुत्र साम्बले आफ्नै पिताको श्रापले चराको जुनीमा पुगेकी आफ्नी बहिनी सामा र उनका प्रेमी चक्रधर (चकेवा) को श्रापमोचनका लागि गरेका कठोर तपस्याको सम्झनामा दिदीबहिनीले दाजुभाइको सम्मानमा यो पर्व मनाउने चलन बसेको मानिन्छ । सामा र चक्रधरको प्रेमबारे बढाइचढाई श्रीकृष्णलाई एउटा चुगला (कुरौटे) ले कुरा लाएपछि रिसाएका श्रीकृष्णले दुवैलाई चरा हुने श्राप दिएको प्रसङ्ग नै पर्वको मुख्य कथावस्तु रहेको याज्ञबल्क्य लक्ष्मीनारायण विद्यापीठ मटिहानी ( महोत्तरी) का उपप्राध्यापक ध्रुव राय बताउनुहुन्छ । पिताको श्रापले चरा भएकी आफ्नी बहिनी सामा र उनका प्रेमीको श्रापमोचनका लागि साम्बले शिवको कठोर तपस्या गरेर पिता रिझाउन सक्ने वरदान दिएको र सो वरदानको प्रभावले पितालाई रिझाएर दुवैको श्रापमोचन गराएर विवाह गराएकाले दाजुको उपकार वर्णन पर्वमा गरिएको उपप्राध्यापक रायको भनाइ छ ।

पर्वमा कात्तिक शुक्लपञ्चमीका दिन माटो मुछेर बनाइएका बृन्दावन, सप्तर्षि, चुगला, चरा र दाजुभाइका आकृति दियो बालिएको डालामा राखेर चौबाटामा गीत गाइने मुख्य पक्ष रहेको छ । साम्बलाई तपस्या गर्न प्रेरणा दिने सप्तर्षि, साम्बले तपस्या गरेको ठाउँ बृन्दावन र साम्ब आकृति सकारात्मक पात्र, चरा कथाका मुख्य प्रतीक र चुगला आकृति नकारात्मक पात्रका रूपमा गीतमा उभ्याइने गरिएको सामाखेलमा सरिक महोत्तरी जिल्ला, भङ्गाहा नगरपालिका-४ की सुनैना ठाकुर बताउनुहुन्छ । यसबाहेक ढोलिया, भरिया, वनतीतर, झाँझी कुत्ता, भैया बटतकनी र मलिनियाँ नाउँ दिइएका आकृति पनि पात्र हुन्छन् ।

माटो मुछेर बनाइएका आकृतिसँग पात्रअनुसारको गीति संवाद गरेर मिथिलानी मनोवाञ्छित फल प्राप्तिको कामना गर्छन् । उनीहरू आकृतिहरूलाई गीति भावमा ढालेर संवादको आनन्द उठाउँछन् । गीत गाइरहँदा गीतको भावनुसार बृन्दावनमा आगो लगाउन र चुगलाको मुखमा आगो झोस्न गीतसँगै मिथिलानीको हात पुगिरहेको हुन्छ । डालामा राखिएका सबै आकृतिसँग संवाद गर्दै गाइएका गीत जीवन्त पात्रका रूपमा उभ्याइन्छन् । गीत गाइने दैनिकीभित्रै महिलाले कुरौटेको मूर्तिमा आगो झोस्दै यस्तो प्रवृत्तिको कहिल्यै भलो नहुने आशयको गीत लयबद्ध रूपमा गाउनाका साथै आफ्ना दाजुभाइ भने ज्ञानी, परोपकारी, पराक्रमी, सहयोगी र दिदीबहिनी भनेपछि हुरूक्कै हुने आनीबानीका रहेको भावलाई गीतीलयमा बाँध्न भने चुकाउँदैनन् ।

मिथिलामा दाजुभाइ दिदीबहिनीबीच प्रेम, सद्भाव र समर्पणको प्रतीक मानिने यो पर्व शुक्रबार समापन गर्न मिथिलानीहरू दाजुभाइलाइ निम्ता गर्न व्यस्त छन् । 'भैया, तुँ आइ सामा भसावबेर जरूर अइहा' (दाजु, आज सामा समापन गर्ने बेला तपाईँ अवश्य आउनुहोला) महोत्तरीकै बर्दिवास नगरपालिका-२ की रेशमी दत्तले जनकपुर बस्ने दाजुलाई मोवाइलबाटै सम्पर्क गरेर निम्ता गर्नुभयो । दाजुले जवाफमा 'हो तै बहिन' (हुन्छ बहिनी) भनेको कुराले खुशी हुनुभएकी रेशमीले अब दाजुका लागि मिष्ठान्न परिकार र वस्त्र परिधानको जोहोमा लाग्ने जानकारी दिनुभयो ।

सामा खेल्दा डालामा राखिने आकृतिहरू पूर्णिमाका दिन दाजुभाइले घुँडामा राखेर फुटाएपछि ती टुक्रा दिदीबहिनीले जोतेको खेतमा माटाले पुरेर सामा विसर्जन गरिने मैथिल परम्परा छ । सामा जोतेको खेतमा पुर्दा पनि 'जोतल खेतमे बसिह हे, बसिह हे' (अब वर्ष दिन जोतेकै खेतमा बस है) भन्ने गीत गाएर यो पर्व दिदीबहिनीले समापन गर्छन् । समापनका बेला दाजुभाइलाई वस्त्र परिधान लगाई दिने र मिष्ठान्न परिकार ख्वाउने चलन छ । त्यसैगरी दाजुभाइले पनि वस्त्र, आभूषण र गच्छेअनुसारको नगद दक्षिणा दिदीबहिनीलाई दिन्छन् । पर्वले आपसी प्रेम र आत्मीयता वृद्धि एवं सहयोग विस्तारमा सकारात्मक सन्देश दिएको बर्दिवास-९ पशुपतिनगरकी समाजशास्त्री वैजयन्ती गिरीको धारणा छ ।

# चक्रपथको योजना नेपालगञ्जमा तुहिएपछि खजुरातर्फ

काशीराम शर्मा

बाँके । नेपालगञ्जको बढ्दो सवारी चाप व्यवस्थित गर्न 'कुभु बोधमार्ग' नामकरण गरी निर्माण अघि बढाइएको चक्रपथ योजना अलपत्र परेको छ । सिक्टा सिँचाइको नहर प्रमुख बाधक रहँदा अलपत्र परेको उक्त योजना निर्माणमा अहिले कसैले पनि चासो देखाएका छैनन् ।

करीब साढे १७ करोड बजेट विनियोजन भइसकेको उक्त योजना बेवारिस भएका बेला खजुरा गाउँपालिका क्षेत्रमा नयाँ चक्रपथ निर्माणको गुरूयोजना अघि बढाइएको छ । पाँच वर्षअघि सर्भे भएको चक्रपथ जमीनको अभाव र सिक्टाको नहरका कारण बन्न नसक्दा नेपालगञ्जवासीको चक्रपथमा गाडी गुडाउने सपना अधुरै रहेको छ ।

चक्रपथ निर्माणका लागि २०७१ सालमा पहिलो पटक सरकारले रू २ करोड २० लाख बजेट विनियोजन गरेको थियो । बढ्दो जनसङ्ख्यालाई ध्यान दिएर नेपालगञ्जमा चक्रपथ बनाउने योजनालाई रातो किताबमै पार्ने र बजेट छुट्याउने काम भए पनि कार्यान्वयनका लागि अहिलेसम्म पहल भएको छैन ।

उक्त समयमा चक्रपथ निर्माण कार्य कसरी अगाडि बढाउने भन्ने कुराको निक्यौंल गर्न विभिन्न सरोकारवाला निकायका इन्जिनीयर सम्मिलित पाँच सदस्यीय प्राविधिक समितिसमेत गठन गरिएको थियो । उक्त समितिले योजनाको रेखाङ्कनलगायत लागत अनुमानसहितको प्रतिवेदन बुझाएपछि काम तीव्र रूपमा अगाडि बढाउने आश्वासन दिइएको थियो तर, भनिएअनुसार काम भएन ।

नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख डा धवल शम्शेर राणाले केन्द्रीय सरकारले नै चासो नदेखाएमा चक्रपथ बन्न सम्भव नभएको बताउनुहुन्छ । 'रू २०० करोड लाग्ने अनुमान गरिएको छ, केन्द्रले रू २ करोड विनियोजन गर्छ, अनि कसरी चक्रपथ सम्भव हुन्छ ?', उनले भने - 'अनुमानित लागतको कम्तीमा पनि ५० प्रतिशत केन्द्र सरकारले विनियोजन गर्नुपर्छ ।' चक्रपथ निर्माणका लागि सिक्टा सिँचाइ आयोजना बाधक रहेको बताउँछन् राणा ।

'बाँकेका विभिन्न क्षेत्रमा सिक्टा सिँचाइ आयोजनाका नहरहरू बनिरहेका छन्, नहर बनाउनु अगावै चक्रपथ निर्माण गरे पुनः नहर बनाउँदा भत्काउनुपर्ने भएका कारण समस्या छ', राणाले भने - 'पहिले नहरको काम सकिदिए चक्रपथ निर्माणको काम अघि बढाउन केही सहज हुने देखिन्छ ।' चक्रपथ पूरै सिक्टा नहर क्षेत्रमा पर्छ । चक्रपथ परेको ठाउँमा जग्गाधनीलाई मुआब्जा दिँदा नै अर्बौं खर्च हुने देखिएको छ ।

उनले भने - 'मुआब्जा दिन सम्भव नभएपछि चक्रपथ बन्ने स्थिति भएन, योजना मात्रै बनाएर हुँदैन, आवश्यक बजेटको पनि जोहो हुनुपर्छ । चक्रपथ निर्माणका लागि ठूलो रकम चाहिन्छ । सरकारले एक प्रतिशत रकम पनि विनियोजन गरेको छैन ।' सरकारले कनिका छरे गरेर बजेट विनियोजन गर्ने र बजेट फिर्ता हुने क्रम चलिरहेको छ । चक्रपथ निर्माणका लागि कम्तीमा पनि कुल रकमको ५० प्रतिशत रकम प्रारम्भिक चरणमा छुट्ट्याउनुपर्ने उनको तर्क छ ।

नेपालगञ्जमा चक्रपथ निर्माणका लागि बजेट बिनियोजन गरिए पनि त्यसका लागि राजनीतिक सहमति र प्रतिबद्धतासहितको पहल नदेखिएको नेपालगञ्जवासीको गुनासो छ । 'पहिले ठूला योजनाहरूको बजेट अनुमान गरी सरकारलाई बुझाउन सक्नुपर्छ,' नेपालगञ्ज-१८ का बासिन्दा श्याम शाही भन्छन् । राजनीतिक दलहरूले तत्परता नदेखाउँदा चक्रपथ निर्माणको योजना तत्काललाई टरेको देखिएको छ ।

स्थानीय, प्रदेश र प्रतिनिधिसभा सदस्य निर्वाचनका क्रममा बाँकेका अधिकाँश उम्मेदवारले नेपालगञ्जमा चक्रपथ निर्माण योजनालाई पूर्णता दिने बाचा गरेका थिए । निर्वाचनपछि भने यो विषय ओझेलमा परेको छ । नेकपा बाँकेका नेता रत्न खत्री भन्छन् - 'चक्रपथ दिनदिनै बनाउने कुरा होइन । सानो लगानीमा पनि यसको निर्माण सम्भव छैन । महानगर बनाउने कल्पनाका साथ चक्रपथको निर्माण गरिनुपर्छ । यसका लागि स्थानीय तहले नेतृत्व गरेर अघि बढ्नुपर्छ ।'

उनले चक्रपथ निर्माण राजनीतिक दलहरूको प्राथमिकतामा नपरेको स्वीकार गरे । उनले भने - 'विगतमा बैठक, भेला र छलफल राखेर हामी चक्रपथ बनाउनुपर्छ भन्दै हिँड्यौं । हलबाट बाहिर निस्केपछि जिम्मेवारी बहन गरेनौं । यसको परिणाम अहिले हामी भोग्दैछौं । नेपालगञ्जको ट्राफिक व्यवस्थापनलाई सहज बनाउन चक्रपथ निर्माण जरूरी छ । यसमा सबै दलहरूको सहयोग हुनुपर्छ ।'

नेपाली काँग्रेसका नगर सभापति प्रशान्त बिष्ट स्थानीय तहको भूमिका कमजोर देखिएको बताउँछन् । सभापति बिष्टले भने - 'चक्रपथ आवश्यक छ । यसको निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेर नेपालगञ्ज उपमहानगरले सक्रियता देखाउनुपर्छ । राजनीतिक दलहरूको सहयोग भएन भन्नुहुँदैन । अहिले स्थानीय तह अधिकार सम्पन्न भइसकेका छन् । स्थानीय तहले योजना बनाउँदा राजनीतिक दलहरूले साथ दिन्छन् ।'

तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाको परिकल्पनामा अगाडि सारिएको चक्रपथ निर्माण तत्कालका लागि टरेको सम्बद्ध पक्षले बताएका छन् । पाँच वर्षअघि नेपालगञ्ज उपमहानगरपालिकाको वडा नं २० मनिकापुर (राँझा)देखि सिक्टा सिँचाइ आयोजनाको पूर्वी नहर हुँदै स्थानीय महेन्द्र बहुमुखी क्याम्पस तथा पश्चिम क्षेत्रको चौलिका चोकदेखि जानकी गाउँपालिकाको इन्द्रपुर हुँदै पश्चिमी सिक्टाको नहरमा जोडिने गरी चक्रपथको सर्भे गरिएको थियो । सर्भेका क्रममा चक्रपथ २३ दशमलव ८६० किलोमिटर लामो हुने बताइएको थियो । सरकारले कुनै पनि हालतमा निर्माण कार्यलाई अघि बढाउनुपर्ने स्थानीय बासिन्दाको माग छ । नेपालगञ्जवासीसमेत रहेका नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य कृष्णप्रसाद श्रेष्ठले भने - 'केन्द्रसँग बलियो पहुँच भएका नेता जिल्लामा कोही भएन ।'

चक्रपथ निर्माण योजनालाई थाती राख्न नपाइने बताउँछन्, केन्द्रीय सदस्य श्रेष्ठ । चक्रपथ निर्माण योजनालाई अघि बढाउन राजनीतिक दलहरूले नै चासो दिएका छैनन् । चक्रपथ मात्रै नभएर बाँकेका ठूला आयोजनाहरू राजनीतिक पहुँच नहुँदा ओझेलमा परेका छन् । 'हामी नागरिक स्तरबाट गर्नुपर्ने सहयोग गर्न तयार छौं,' श्रेष्ठले भने - 'कुनै पनि हालतमा यो योजना अघि बढाइनु पर्छ ।'

चक्रपथको गर्भमा खजुरा

खजुरा गाउँपालिकाको यही ३ गते बसेको गाउँ कार्यपालिकाको बैठकले गाउँपालिकामा चक्रपथ निर्माण गर्ने निर्णय गरेसँगै स्थानीय स्तरमा यसबारे चासो व्यक्त गर्न थालिएको छ । स्थानीय बासिन्दा सन्देह व्यक्त गर्छन् - 'कतै कार्यपालिकाको निर्णय गर्भमै तुहिने त होइन ?' चक्रपथले यहाँको समग्र विकासको ढोका खुल्ने अपेक्षा एकथरीको छ । चक्रपथ तराई मधेश सडक कार्यक्रमअन्तर्गत निर्माण गर्न लागिएकाले समस्या नहुने गाउँपालिकाको दावी छ । खजुरामा चक्रपथ निर्माण गर्दा कुनै अवरोध नहुने विश्वास गाउँपालिकाका अध्यक्ष किष्मतकुमार कक्षपति व्यक्त गर्छन् । उनका अनुसार उक्त कार्यक्रमअन्तर्गत वार्षिक रू १ करोड बजेट विनियोजन हुने र यसमा १० प्रतिशत गाउँपालिकाले लगानी गर्ने प्रावधानअनुसार चक्रपथ निर्माण अघि बढाइने छ । 'चक्रपथ निर्माणमा स्थानीय बासिन्दाको साथ रहन्छ, निर्माणमा कुनै बाधा छैन,' उनले भने । चक्रपथ निर्माणसँगै खजुरा गाउँपालिकामा पर्ने बाहिरी तथा भित्री सडकको पनि मर्मत, सुधार र विकास गर्दै जाने योजना रहेको अध्यक्ष कक्षपति बताउँछन् ।

यहाँ तत्काल एकदेखि चार वडासम्मका चारवटा भित्री सडक कालोपत्र गर्ने योजना छ । उनका अनुसार यी सडक मर्मत तथा निर्माण र कालोपत्र गर्न रू १२ करोड रूपैयाँ विनियोजन भइसकेको छ । खजुराको चक्रपथ निर्माणमा अहिले नै खर्च हुने बजेट तोक्न नसकिने बताउँदै उनले बजेटका बिषयमा छलफल भइरहेको जानकारी दिए । खजुरामा बन्ने चक्रपथले राधापुरदेखि रनियापुर, मानखोल, बैजनाथ हुँदै जानकी गाउँपालिकालाई समेत जोड्ने छ ।

**चार लेन सडक निर्माणमा ढिलाइ**

खजुरा गाउँपालिकामा निर्माण गर्ने भनिएको चार लेन सडक योजनाको काम अझै शुरू हुन सकेको छैन । टेन्डर भइसके पनि सडक डिभिजन कार्यालयले काम अघि बढाउन चासो नदेखाउँदा योजना अलपत्र परेको छ । यसअघि टेन्डरमार्फत गजुरमुखी निर्माण सेवालाई जिम्मेवारी दिइए पनि सडक डिभिजनको ढिलासुस्ती र निर्माण कम्पनीको उदासीनताका कारण उक्त सडकको निर्माण शुरू हुन नसकेको स्थानीय बासिन्दा बताउँछन् ।

करीब १० करोड लाग्ने उक्त योजना अघि बढाउन रूख कटानका लागि वनले टाँचा लगाइसकेको र सडक निर्माणका लागि सडकको क्षेत्र पनि तोकिइसकिएको खजुरा गाउँपालिकाका अध्यक्ष कक्षपतिले जानकारी दिनुभयो । उहाँका अनुसार सडक निर्माणका लागि स्थानीय स्तरमा कुनै पनि विवाद छैन तर, बजेट प्रदेश र सङ्घ कसले परिचालन गर्ने भन्ने यकिन नहुँदा समस्या उब्जिएको छ ।

## संक्षिप्त समाचार

### सशस्त्र प्रहरी बल नेपालको प्रवक्तामा श्रेष्ठ

काठमाडौं । सशस्त्र प्रहरी बल नेपालको प्रवक्तामा सशस्त्र प्रहरी नायव महानिरीक्षक सुरजकुमार श्रेष्ठ तोकिएका छन् । सशस्त्र प्रहरी नायव महानिरीक्षक श्रेष्ठलाई मोबाईल नम्बर ९८५१२७२००७ मा सम्पर्क गर्न सकिने सशस्त्र प्रहरी बल प्रधान कार्यालयको सूचना शाखाले जनाएको छ । संगठनसँग सम्बन्धित सूचना तथा जानकारी, संगठनको कार्यक्षेत्र भित्रका समाचारहरू तथा संगठनबाट सम्पादन भएका जनसरोकारका विषयहरू लगाएतका विभिन्न सूचनाहरू प्रवाह गर्ने जिम्मेवारी उनलाई दिइएको छ ।

### प्रहरी कार्यालय आफ्नै भवनमा

दाङ । प्रदेश नं ५ को प्रहरी कार्यालयले आइतबारदेखि तुलसीपुरस्थित नेपाल प्रहरीकै अञ्चल गुल्म बसेको भवनमा सरेर सेवा शुरू गरेको छ । यसअघि तुलसीपुर उपमहानगरपालिका-६ रजौरामा रहेको निजीघरमा मासिक रू ६५ हजार भाडामा लिएर सेवा प्रवाह गर्दै आएको थियो । सङ्घीय संरचनामा त्यहाँ रहेको गुल्मलाई स्थानान्तरण गरेर प्रदेश कार्यालय राखिएको छ । आवश्यक पर्ने अस्थायी प्रकृतिका संरचना निर्माण सम्पन्न गरेलगत्तै प्रदेश कार्यालय सारिएको प्रवक्ता पुष्पराज मल्लले जानकारी दिए । प्रदेश प्रहरी प्रमुखको निवास भने अझै तुलसीपुरमै रहेको छ ।

### अन्तर्राष्ट्रिय सम्मेलन

धनगढी । उद्यमशीलताको विकास तथा प्रवर्द्धनका लागि धनगढीमा अन्तर्राष्ट्रियस्तरको उद्यमशीलतासम्बन्धी सम्मेलन सुरू भएको छ । धनगढी उपमहानगरपालिका र काठमाडौंको किंग्स कलेजको साझेदारीमा बिहीबारदेखि सम्मेलन सुरू भएको छ । तीन दिनसम्म चल्ने सम्मेलनमा विभिन्न देशका सफल उद्यमी र स्थानीयवासी उद्यमीले प्रस्तुतिकरण गर्नेछ । उपत्यका बाहिर यति ठूलो र महत्वपूर्ण सम्मेलन पहिलोपटक भइरहेको छ ।

### गोयलद्वारा खाजा सामग्री प्रदान

विराटनगर । उद्योगी तथा समाज सेवी दिनबन्धु गोयलले एक अनाथ आश्रमलाई खाजा सामग्री प्रदान गरेका छन् । सामाजिक क्षेत्रमा काम गर्दै आएका दीनबन्धु गोयलले विराटनगरमा रहेका पूर्वाञ्चल बाल सेवा आश्रमलाई ४८ बोरा भुजा र ४८ बोरा चिउरा प्रदान गरेका हुन् । उक्त खाजा वापतको चिउरा र भुजा मासिक ४ वोरा चिउरा र ४ बोरा भुजा उपलब्ध गराउने भएको छ । गायल सामाजिक क्षेत्रमा उल्लेखनिय काम गर्ने व्यक्ति हुन् । खाजा वितरण कार्यक्रममा खाजा सामग्री बुझ्दै पूर्वाञ्चल वाल सेवा आश्रमका अध्यक्ष सिता पोखरेले भनिन्, 'गोयलको सहयोग निरन्तर भइरहेको छ ।'

### शिक्षाको स्तर बढाउन निर्देशन

रौतहट । रौतहट जिल्लाको बौधिमाई नगरपालिकाको प्रमुख राजीव रंजन यादवले नगरको शिक्षाको स्तर बढाउने प्रति ध्यान दिनलाइ शिक्षकहरूलाई निर्देशन सहित आग्रह गरेका छन् । बुधवार बौधिमाई नगरपालिका अन्तर्गत कोपवामा आयोजित एक कार्यक्रममा सम्वोधन गर्दै मेयर यादवले शिक्षकहरूलाई विद्यालयमा समय दिनु पर्ने सुझाव दिए । रौतहटको शैक्षिक अवस्था दयनीय रहेकोले शिक्षाको सुधार गर्नु पर्ने नितान्त आवश्यक भएको जिकिर गरे । शिक्षा विनाको जीवन अधुरो हुने भएकोले मानवको मुलभुत आवश्यकतालाइ पूरा गर्नु शिक्षकको कर्तव्य रहेको टिपण्णी गरे । मेयर यादवले भने शिक्षाको विकासको लागि गर्नु पर्ने सहयोग गर्न त्यार रहेको हुदा कमी कमजोरी भएमा दोषी विद्यालय व्यवस्थापन समिति र शिक्षकले लिंनु पर्ने बताए ।

### घुम्ती शौचालय सञ्चालन गरिने

बाँके । सर्वसाधारणको चाप बढी भएपछि नेपालगञ्जमा सार्वजनिक घुम्ती शौचालय सञ्चालन गरिने भएको छ । नेपालगञ्ज उपमहानगरपालिकाले रू ५९ लाखको लागतमा चार वटा घुम्ती शौचालय ल्याएसँगै सार्वजनिक शौचालयको समस्या हट्ने देखिएको हो । यसको सञ्चालन कसरी गर्ने भन्ने निर्णय भने भइनसकेको उपमहानगरपालिकाका सूचना अधिकारी शरद पौडेलले जानकारी दिए । उनका अनुसार सार्वजनिक शौचालय नभएका तथा मान्छेको भीड हुने क्षेत्रमा शौचालय राखिनेछ । आवश्यकतानुसार उपमहानगरपालिकाले थप शौचालय खरीद गर्ने बताइएको छ ।

### चोरीपैठारीको विभिन्न सामान बरामद

पर्सा । जिल्लाको विरगञ्ज महानगरपालिका १६ स्थित सीमा इलाकाबाट एपीएफ टोलीले करीव १ सय २५ के.जी. मरिच बरामद गरेको छ । भारतबाट अवैध रूपले भन्सार छली ना १ ह ४९२९ नम्बरको ई रिक्सामा नेपालतर्फ ल्याउँदै गरेको उक्त मरिच सशस्त्र प्रहरी बल नेपाल गुल्म हेक्वा पर्सा नम्बर १४ गुल्मबाट सशस्त्र प्रहरी नायव निरीक्षक नरबहादुर रानाको कमाण्डमा खटिएको एपीएफ टोलीले बरामद गरेको हो । एपीएफ टोलीले बरामद मरिच तथा ई रिक्सा आवश्यक कारवाहीको लागि भन्सार कार्यालय विरगञ्जमा बुझाएको छ । उक्त मरिच तथा ई रिक्साको भन्सार दाखिला मूल्य करीव १ लाख ९३ हजार रूपैयाँ रहेको छ ।

### लुम्बिनीमा विश्व शान्ति पुजा

रूपन्देही । बुद्ध जन्मस्थल लुम्बिनीमा मंगलबारदेखि भद्रचार्य उत्सव शुरू भएको छ । उत्सवमा विभिन्न देशका भिक्षु तथा लामा सहभागी भएका छन् । विश्व शान्ति र सम्पूर्ण सत्व प्राणीको हितको कामना गर्ने उद्देश्यले भद्रचार्य मोन्लम फाउण्डेशनले पहिलो पटक लुम्बिनीमा आयोजना गरेको सो उत्सव तथा विश्व शान्ति पूजामा नेपाल, भारतलगायतका देशका भिक्षु, भिक्षुणी तथा लामा सहभागी भएका हुन् । पूजामा शाक्यपा सम्प्रदायका ठूला गुरू धुङ्से अभिकृत वज्र रिम्पोछेको उपस्थिति रहेको छ । पाँच दिनसम्म चल्ने पूजामा विशेषगरी सम्बन्धभद्र र मञ्जुश्रीको प्रार्थना हुने, सत्व प्राणीको दुःख हटाउन र चित्त शान्ति गर्न मन्त्रोच्चारण हुने फाउण्डेशनका सदस्य निमा लामाले जानकारी दिइन् ।

### पत्रकार सिद्दीकीको निधन

बाँके । नेपालगञ्जका पुराना पत्रकार रहीस अहमद सिद्दीकीको बुधबार राति निधन भएको छ । बाँकेबाट प्रकाशित 'समय अधिकार दैनिक'का प्रकाशक तथा दारूलउलुम फैजुन्नबी जामा मस्जिद इदगाह सञ्चालक समितिका अध्यक्ष उनको कोहलपुर शिक्षण अस्पतालमा उपचारका क्रममा निधन भएको हो । सिद्दीकीको अन्तिम संस्कार बिहीबार स्थानीय कब्रिस्तानमा हुने पारिवारिक स्रोतले जनाएको छ । कलेजो र मिर्गौलामा संक्रमण भएर विगत छ महीनादेखि अस्वस्थ रहँदै आएका उन दश दिनदेखि अस्पतालमै थिए । सिद्दीकीको उपचारका लागि काठमाडौं र भारतको लखनउका अस्पतालमा भर्ना गरिए पनि रोग निको हुनसकेको थिएन । दुई वर्षअघि उनको मुटुको शल्यक्रियासमेत भएको थियो ।

### कुटाईबाट महिला गम्भीर

कपिलवस्तु । महाराजगंज नगरपालिका- ८ सिग्राहामा छिमेकीको कुटाईबाट ३५ वर्षीया मुन्नुदेबी कहार गंभीर घाईते भएकी छिन् । बाणगंगा नदीबाट पम्पसेटले तोरी खेतमा सिचाई गर्नेक्रममा बिवाद भए पछि स्थानीय झकुरी भन्ने राजेश कहार र उनका बुवा चिन्कु कहारले मुन्नुदेबीलाई निर्धात कुटेका थिए । दुबैले लठ्ठील हिर्काउदा मुन्नुको पटेको किनार र तिर्घाका गहिरो चोट लागेको प्रहरीले जनाएको छ । पम्पसेटले सिचाई गर्दा राजेशले मोटरसाईलले पाईप फुटाए पछि भनाभन पछि बिवाद भएको मुन्नुका श्रीमान बेचनले बताए ।

### लत्ताकपडा बरामद

पर्सा । जिल्लाको विरगञ्ज महानगरपालिका १६ बाट एपीएफ टोलीले करीव १ लाख रूपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा बरामद गरेको छ । भारतबाट अवैध रूपले नेपालतर्फ ल्याउँदै गरेको उक्त लत्ताकपडा सशस्त्र प्रहरी बल नेपाल गुल्म हेक्वा पर्सा नम्बर १४ गुल्मबाट खटिएको एपीएफ टोलीले बरामद गरेको हो ।

### लागूऔषधसहित पक्राउ

पर्सा । पर्सा जिल्लाको विरगञ्ज महानगरपालिका १६ स्थित भन्सार मूलगेटबाट एपीएफ टोलीले करीव २ ग्राम ब्राउन सुगर जस्तो देखिने धुलोसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बारा जिल्लाको जितपुर उपमहानगरपालिका ७ बस्ने २४ वर्षिय संजयकुमार खनाल र सोही उपमहानगरपालिका १२ बस्ने २३ वर्षिय पप्पुकुमार साह छन् ।

### लाखौंको सामान बरामद

कैलाली । कैलाली जिल्लाको टिकापुर नगरपालिका ९ बाट एपीएफ टोली र भन्सार कार्यालयको सयुंक्त टोलीले करीव ८ लाख ७० हजार रूपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा तथा हार्डवयरका सामान बरामद गरेको छ । भारतबाट अवैध रूपले भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको उक्त सामान सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट खकौलाबाट खटिएको एपीएफ टोली तथा भन्सार कार्यालयको संयुक्त टोलीले बरामद गरेको हो ।

# बढ्दै नगर क्षेत्र, खुम्चिँदै वडा प्रहरी

**काशीराम शर्मा**

बाँके। प्रहरीको काम जनतालाई शान्ति र सुरक्षाको प्रत्याभूति गराउने भए पनि नेपालगञ्ज उपमहानगरपालिकाका सबै वडामा वडा प्रहरी कार्यालयले अझैसम्म गस्ती गर्न सकेको छैन। वडा प्रहरी नेपालगञ्ज बजारभित्र मात्रै सीमित रहँदा आफूहरूले सुरक्षाको अनुभूति गर्न नसकेको वडा नं २० मनिकापुरका बासिन्दा बताउँछन्। उनीहरूका अनुसार राँझा क्षेत्रका केही होटलमा गलत क्रियाकलाप भइरहँदासमेत प्रहरीको भूमिका देखिँदैन।

उपमहानगरका सबै वडामा सुरक्षा प्रदान गर्ने गरी स्थापना भएको वडा प्रहरी कार्यालयमा दुई सवारीसाधन भएपनि ती बिहानदेखि रातिसम्म नेपालगञ्ज बजारभन्दा बाहिर जाँदैनन्। उक्त प्रहरी कार्यालय अहिले नेपालगञ्ज बजारका चार/पाँच वडामा मात्रै सक्रिय देखिँदै आएको स्थानीयवासी टिएन शर्मा बताउँछन्।

बाँकेमा प्रहरीका ६९ एकाइ छन्। कोहलपुरमा रहेको प्रहरीले कोहलपुर नगरपालिका क्षेत्रभर आफनो गाडी कुदाउँदै शान्ति सुरक्षा कायम गर्दै आएको छ तर नेपालगञ्जको वडा प्रहरीले भने ओल्लो-पल्लो बजार गर्दै दिनरात बिताउने गरेको आम नागरिकको गुनासो छ।

सङ्गठित अपराध, राज्यविरूद्धको अपराध, लागुऔषध, जासुसी, आतङ्कवाद, मानव बेचविखन तथा ओसारपसारजस्ता गम्भीर अपराधको अनुसन्धान गर्ने प्रहरीको प्रमुख कार्य भएपनि यहाँको वडा प्रहरीले आफ्नो कार्य क्षेत्रभित्रै पहुँच बढाउन नसक्दा पर्याप्त सुरक्षाको महसुस गराउन नसकेको हो। वडा प्रहरी कार्यालयका प्रमुख नारायण डाँगी बजारका केही वडाबाहेक अन्यत्र प्रहरीको पहुँच विस्तार गर्न नसकिएको बताउँछन्।

अहिले वडा प्रहरी खुम्चिँदै आएको छ भने उपमहानगरपालिकाको क्षेत्र विस्तार भइरहेकाले २३ वटै वडामा सुरक्षा प्रबन्ध मिलाउनुपर्ने भएपनि अहिले आफूहरू नेपालगञ्ज बजारभन्दा बाहिर जान नसकेको उनी जानकारी दिन्छन्।

पैसठ्ठी ६५ प्रहरीको दरबन्दी रहेको कार्यालयलाई २३ वटा वडाको शान्ति सुरक्षामा पहुँच पुऱ्याउन एकदमै कठिनाइ भएको गुनासो गर्दै प्रहरी प्रमुख डाँगी सबै वडामा पहुँच विस्तार गर्न नसकिएकाले सम्बन्धित वडा क्षेत्रमा रहेका इलाका प्रहरी कार्यालयको सहयोग लिने गरिएको बताउँछन्। गाउँमा वडा प्रहरीको उपस्थिति हुन नसकेकै कारण आम नागरिक विभिन्न खालका घटना, धम्कीबाट त्रस्त जीवन बिताइरहेका छन्। वडा प्रहरी नेपालगञ्ज बजारभित्रै खुम्चिँदा विभिन्न स्थानमा रहेका इलाका प्रहरी कार्यालयले वडाको समेत काम हेर्दै आएका छन्।

"उपमहानगरका २३ वटा वडामै सुरक्षा व्यवस्था मजबुत छैन", प्रहरी निरीक्षक डाँगी भन्छन्, "आवश्यकतानुसार माथिको आदेश बमोजिम कहिलेकाँही जाने गरेका छौं।" वडामा अहिले २३ वडाको सुरक्षामा पहुँच विस्तार र उपस्थितिका लागि दुई गाडी छन् तर यी गाडी पनि भगवान् भरोसाको भरमा रहेकाले बजारभन्दा बाहिर जाँदैनन्।

"वडाको गाडी दिनमा एक/दुई पटक गाउँमा आइदिए पनि धेरै शान्तिको महसुस हुने थियो", नेपालगञ्ज उपमहानगरपालिका-२० मनिकापुरको जोगीडाँडा नजिकैकी एक महिला दीपा चालिसे भन्छिन्, "दिनमा एक/दुई पटक त के महीनामा एक पटक पनि प्रहरी आउँदैनन्।"

"गाउँमा केही समस्या भइहाल्यो भने पनि प्रहरी खोज्न नेपालगञ्ज वा कोहलपुर जानुको विकल्प छैन", स्थानीयवासी भन्छन्, "हामी पनि नगरभित्रकै वडावासी हौं, हाम्रो सुरक्षा वडा प्रहरीले गर्नुपर्ने होइन र ?" नेपालगञ्ज विविधतामा एकताको शहर भएकाले पनि यहाँ पहाडी, मधेसी, मुस्लिम र थारू समुदायको बसोबास छ।

साना गल्तीले पनि ठूलो नोक्सानी व्यहोर्नुपर्छ। यो कुरा विगतका घटनाले देखाइसकेको छ। घटनास्थलमा समयमा प्रहरी पुग्नु अत्यावश्यक छ तर गाडी अभाव र तेलको सीमितताले गर्दा उपमहानगरका सबै वडामा वडा प्रहरीको पहुँच पुग्न नसकेको प्रहरी प्रमुख डाँगी बताउँछन्।

# गौतमबुद्ध विमानस्थलको काम युद्धस्तरमा

**रमेश लम्साल**

भैरहवा। राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको काम युद्धस्तरमा अगाडि बढिरहेको छ।

हाल विमानस्थलको धावनमार्गमा धमाधम कालोपत्रेको काम भइरहेको छ। सो विमानस्थल आयोजना प्रमुख प्रवेश अधिकारीका अनुसार करीब एक किमी धावनमार्गमा पहिलो चरणको कालोपत्रे सम्पन्न भएको छ। यही गतिमा काम भएको खण्डमा आगामी ४५ दिनभित्र पहिलो चरणको कालोपत्रे काम सकिनेछ। धावनमार्गमा तीन तहको कालोपत्रे गर्नुपर्ने भएकाले पहिलो चरणको काम सकिएपछि क्रमशः दोस्रो र तेस्रो चरणको कालोपत्रे गर्न १५/१५ दिनको समय लाग्नेछ।

विमानस्थलको निर्माण चिनियाँ कम्पनी नर्थवेस्ट सिभिल एभिएसन एयरपोर्ट कन्स्ट्रक्सन ग्रूपले गरिरहेको छ। आयोजनाको कूल लागत मूल्य अभिवृद्धि करसहित रू छ अर्ब २२ करोड ५१ लाख २० हजार १२८ रहेको छ। आयोजना प्रमुख अधिकारीका अनुसार हाल निर्माण व्यवसायीले दुई वटा अलकत्रा र गिट्टी घोल्ने यन्त्र जडान गरेर धावनमार्गमा कालोपत्रे गरिरहेको छ।

सन् २०१९ को जुन २८ सम्म सञ्चालन योग्य बनाउने गरी काम भइरहेको छ। राष्ट्रिय गौरवका अन्य आयोजनाको प्रगति न्यून र आशातीत रूपमा राम्रो नभइरहेको अवस्थामा गौतमबुद्ध विमानस्थलको काम लोभलाग्दो तवरले भइरहेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीले दैनिकजसो नै विमानस्थल निर्माणको प्रगतिबारेमा जानकारी लिने र समस्या आए समाधान पनि तत्काल नै गर्ने गरेका छन्।

स्थलगत निरीक्षणका लागि बुधबार विमानस्थल पुग्नुभएका मन्त्री अधिकारीले आयोजना प्रमुख अधिकारीलाई सोधे, 'समस्या के छ, अहिल्यै भनी हाल्नुस्।' आयोजना प्रमुखले तत्काल खासै समस्या छैन भन्दै विमानस्थल निर्माणको प्रगतिबारेमा जानकारी गराए। आयोजना प्रमुख अधिकारीले भने, 'सामान्य रूपमा निर्माण व्यवसायीलाई भुक्तानी दिन केही रकमको अभाव छ, अरू त सबै काम युद्धस्तरमा भइरहेको छ।'

उनका अनुसार एक दर्जन बढी निर्माण उपकरण धावनमार्ग कालोपत्रे गर्न परिचालन गरिएको छ। विमानस्थलको अन्य भौतिक निर्माणको कामसमेत द्रुतगतिमा नै अगाडि बढाइएको छ। अन्तर्राष्ट्रिय टर्मिनल भवन, कन्ट्रोल टावर, कार्यालय भवन, विद्युत् सवस्टेशन, अग्नि नियन्त्रक कक्ष, पानी ट्याङ्की, सुरक्षाकर्मीको आवासगृहको कामसमेत अन्तिम चरणमा पुगेको छ।

कूल तीन हजार मिटर लामो धावन मार्गको कालोपत्रे सकिएपछि आयोजनाको भौतिक प्रगति ७० प्रतिशत माथि पुग्ने दाबी गर्दै आयोजना प्रमुख अधिकारीले भने, 'सरकारको चासो, राष्ट्रिय आवश्यकताका आधारमा पनि हामी तोकिएको समयअगावै विमानस्थल निर्माण सम्पन्न गर्छौं।'

ट्याक्सी वे को निर्माण भने सम्पन्न भइसकेको छ। सञ्चालनमा रहेको धावनमार्गलाई समेत उपयोग गर्ने नीति लिइएको छ। उनका अनुसार धावनमार्ग, अन्तर्राष्ट्रिय एप्रोन तथा अन्य भौतिक निर्माणको कामसँग एयर ट्राफिक कन्ट्रोलका लागि आवश्यक पर्ने उपकरणको आयात तथा जडानका लागि समेत आवश्यक प्रक्रिया अगाडि बढाइएको छ। सो विमानस्थलमा बोइङ ७७७-२०० सम्मका जहाज उडान तथा अवतरणलाई योग्य हुनेछ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको समेत विकल्पमा सो विमानस्थललाई सञ्चालनमा ल्याउन सकिनेछ।

राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको गौतमबुद्ध विमानस्थललाई उच्च प्राथमिकतामा राखेर निर्माण अघि बढाइएको र कुनै पनि समस्या हुन नदिइएको मन्त्री अधिकारीको भनाइ थियो। 'हामीले नियमित अनुगमन गरिरहेका छौं, सामान्यदेखि जटिल समस्यासमेत समाधान गरिएको छ, आयोजना, निर्माण व्यवसायी, परामर्शदाता तथा अन्य सरोकार भएका सबै निकायलाई पनि उत्तिकै परिचालन गरिएको छ। आशा गरौं, आगामी जेठभित्र सो विमानस्थल सञ्चालनमा आउनेछ।'

धावनमार्ग बनेपछि महत्वपूर्ण पाटो 'कम्युनिकेसन नेभिगेसन' उपकरण जडानका लागि समेत बोलपत्र तथा अन्य प्रक्रियागत कामलाई तीव्रता दिइएको छ। बोलपत्रको प्रक्रिया पनि केही दिनभित्रै टुङ्गो लाग्नेछ। विमानस्थलको टर्मिनल भवनको छानो हाल्ने बाँकी काम दुई महीनाभित्र सकिने छ। विमानस्थल परिसरमै रू एक अर्ब लागतको कार्गो भवन निर्माण प्रक्रिया अगाडि बढाइएको छ।

आयोजनाका लागि थप ५०० बिघा जग्गा अधिग्रहण गर्नुपर्नेछ। हालसम्म अधिग्रहण गर्न रू १० अर्ब खर्च भइसकेको छ। बाँकी अधिग्रहणका लागि रू ११ अर्ब चाहिनेछ। सञ्चालनमा रहेको धावनमार्गलाई पार्किङस्थल बनाएर निर्माणाधीन धावनमार्ग नै सञ्चालनमा ल्याउने तयारी गरिएको मन्त्री अधिकारीको भनाइ थियो। सन् २०१९ सम्ममा त्यहाँबाट अन्य गन्तव्यमा समेत उडान गरिनेछ।

निर्माण व्यवसायी चिनियाँ कम्पनी ग्रूपका परियोजना निर्देशक सुइले पनि विमानस्थल निर्माणमा कुनै पनि समस्या हुन नदिन आफूहरू प्रयत्नशील रहेको र तोकिएको समयभित्रै सम्पन्न गरिने जानकारी दिए। 'हामी प्रयत्नशील छौं, सबै प्रकारको क्षमताको उपयोग गरेका छौं, प्रगति असाध्यै राम्रो भइरहेको छ। यो काम मात्रै होइन नेपाल चीन सम्बन्धलाई नयाँ उचाइमा उठाउने अभिभारा पनि हो' सुइले भने।

भैरहवा विमानस्थल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलकै क्षमतामा सञ्चालनमा आउनेछ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको वार्षिक ७० लाख यात्रु क्षमता रहेको छ। सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षका रूपमा मनाएर २० लाख पर्यटक भित्र्याउने लक्ष्य राखेको छ। सोही लक्ष्यलाई पूरा गर्न र भगवान गौतमबुद्धको जन्मस्थल लुम्बिनीलाई थप प्रवर्द्धन गर्नसमेत सहयोग पुग्नेछ।

## मशायरा बहुभाषी कविता सम्मेलन

विराटनगर। विराटनगरमा इण्डो-नेपाल मशायरा बहुभाषी कविता सम्मेलन सम्पन्न भएको छ। कौमी एकता मञ्च विराटनगर नेपालद्वारा शनिबार इण्डो-नेपाल मशायरा बहुभाषी कविता सम्मेलनको आयोजना भएको थियो। सो कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले नेपालको संविधानले सबै जाति र धर्मका जनतालाई एक ठाउँमा जोडेको बताएका छन्। उनले भने, "संविधानले विभिन्न जात, जाति, धर्म र भाषाका मानिसलाई जोड्ने काम गर्छ।" कोइरालाले नेपालको संविधानले सबै जात र जातिलाई समान अधिकार प्रदान गरेको छ भने। कौमी एकता मञ्च विराटनगर नेपालका अध्यक्ष ताजिम अहमदको अध्यक्षतामा भएको सो कार्यक्रममा नेपाली कांग्रेसका नेता हसन अन्सारीले बहुभाषी कविता सम्मेलनले सबैलाई एकताबद्ध बनाउने बताए। कार्यक्रममा विराटनगरबाट प्रकाशित उद्घोष दैनिकका सम्पादक मोहन भण्डारी, भगवान झा, गुड्डु मिया, अबुल हसन नदवी, सङ्गीता मिश्र र सनातन मण्डललाई पनि सम्मान गरिएको थियो।



## स्थानीय सम्वाद

# जनशक्ति व्यवस्थापन नभए अधिकारले मात्र विकास हुँदैन



**राजेश राय यादव**
**मेयर, कलैया उपमहानगरपलिका**

**० कलैया उपमहानगरपालिकामा काम गर्न के कस्ता चुनौतीहरू भोगिरहनु भएको छ ?**

– यहाँ सबै क्षेत्रमा चुनौती नै छ। कुनै पनि क्षेत्र राम्रोसँग सञ्चालन भएर अगाडि बढेको छैन। सडक, शिक्षा, स्वास्थ्य लगायत हरेक क्षेत्रमा सुरूको अवस्थादेखि नै काम गर्नुपर्ने छ।

**० तपाई निर्वाचित भएर आइसकेपछि के-कस्ता कामहरू गर्नुभयो ?**

– आर्थिक वर्ष २०७४/७५ मा सबैभन्दा बढी सडकको काम भएको छ। ढलान गर्ने, सडक व्यवस्थित गर्ने लगायत कलैया उपमहानगरपालिका ३ नम्बर क्षेत्रमा पर्ने सिद्देश्वर महादेवको मन्दिर व्यवस्थित गरिएको छ। हामी निर्वाचित भएर यस उपमहानगरपालिकामा आउँदा केही पनि व्यवस्था थिएन। कुनै पनि योजनाको फाईल थिएन। भर्खर नगरको फाईल तयार भएको छ। त्यतिबेला आर्थिक वर्षको अन्तिम अवस्था भइसकेको थियो। बजेट सक्याउन हतार थियो। गाउँघरमा नाला निर्माणमा खर्च गरियो। कलैया बजारको सडकमा रहेको खाल्टाखुल्टी पुर्ने काम भयो। ९०% बजेट खर्च भएको छ।

**० दोस्रो वर्षको बजेट चलाइरहनु भएको छ, यो वर्ष तपाईहरूको योजना के–के छ ?**

– खेलमैदान निर्माण, पार्क निर्माण, उपमहानगरपालिका प्रवेशद्वारा निर्माण जस्ता योजना बनाएर हामीले अहिले काम गरिरहेका छौं। कलैया बजारमा सुपर मार्केट निर्माण गर्ने योजनालाई हामीले प्राथमिकतामा राखेका छौं।

**० तपाईहरूको उपस्थितिसँगै त्यहाँका जनताले स्थानीय सरकारको अनुभूति गर्न पाएका छन् ?**

– हामीले चुनाव जितेर आएको भर्खरै १ वर्ष भएको छ। अघिल्लो वर्ष हामीले पुरै बजेट खर्च गर्न पाएनौं। अन्तिम अवस्थामा वर्षाका कारणले काम गर्न सक्ने परिस्थिति बनेन। यो वर्ष हामी योजना अनुरूप अगाडि बढिरहेका छौं।

**० त्यहाँ काम गर्न प्रतिपक्षीबाट कस्तो सहयोग भइरहेको छ ?**

– निर्वाचित सदस्यहरूले मात्र काम गरेर विकास हुन्छ भन्ने हुँदैन। प्रतिपक्षी दलहरूसँग पनि समन्वय गरेर अगाडि बढ्नुपर्छ। यहाँ काम गर्न प्रतिपक्षी दलको कुनै अवरोध छैन। उनीहरूबाट सहयोग पाएको छु।

**० तपाईंको उपनगारपालिकामा कर वृद्धिको सम्बन्धमा जनताले के भन्ने गरेका छन् ?**

– यहाँ कर उठाउने प्रक्रिया नै व्यवस्थित हुन सकेको छैन। आर्थिक वर्ष २०७५/७६ मा हामीले यो प्रणालीलाई केही व्यवस्थित बनाउनेछौं। यहाँका व्यावसायीलाई न्युनतम र अधिकत्म कर कसरी लागू गर्ने भन्ने विषयमा हामी छलफलमै रहेका छौं। अहिलेसम्म यहाँ विगतकै कर प्रणाली चलिरहेको छ न। याँ कर प्रणाली लागू भएको छैन।

**० करको मामलामा तपाईँले त्यहाँका जनतालाई कस्तो सुविधा दिइराख्नुभएको छ ?**

– नयाँ कर लादिएको छैन। कर प्रणाली व्यवस्थित गरेर अगाडि बढ्ने हाम्रो योजना हो। कलैया पहिले नगरपालिका थियो, अहिले उपमहानगरपालिका भएको छ। यहाँ १६ वटा वडाहरू थपिएको छ। जग्गा सम्बन्धी कर पहिले सम्पत्ति कर भनेर उठाउने गरिन्थ्यो। अब यसलाई घरजग्गा करमा ल्याउने हो र खेतीयोग्य जग्गा बिक्री वितरण गर्दा मालपोतबाट नै प्रक्रिया अगाडि बढाउने हो।

**० निर्वाचनको समयमा त्यहाँका जनतालाई के-के प्रतिबद्धता गर्नुभएको थियो ?**

– मैले निर्वाचनको समयमा गरेको प्रतिबद्धता अनुरूप नै काम गरिरहेको छु। कलैया उपमहानगरपालिकाका विभिन्न ठाउँमा बाईफाई फ्रि गर्ने र कलैया बजारलाई सुपर मार्केट बनाउने, सडकलाई व्यवस्थित बनाउने जस्ता बाचा हामीले चुनावको समयमा गरेका थियौं त्यो पूरा गर्नेगरी नै काम भइरहेको छ।

**० स्थानीय निर्वाचनपछि सिंहदरबार गाउँ-गाउँमा भन्ने गरिन्थ्यो। तपाईंको क्षेत्रमा यो नारा कति सान्दर्भिक भएको छ ?**

– स्थानीय सरकारले कस्तो खालको काम गर्न सक्छ र निर्णय लिँदा जनताको हितमा गर्न सक्छ कि सक्दैन भन्ने प्रमुख विषय हो। हामीले सकेसम्म जनताको काम सजिलोसँग होस् भनेर अगाडि बढ्ने गरेका छौं तर जनताले सोचे अनुरूप सन्तुष्टि प्राप्त गर्न सकेका छैनन्। जुन अधिकार स्थानीय तहमा आएको छ, त्यसलाई पूर्ण रूपमा प्रयोग गर्न पनि केही समय लाग्छ। अधिकार गाउँमा आएपनि त्यसलाई परिचालन गर्न जनशक्ति छैन, बजेटको अभाव छ। अघिल्लो आर्थिक वर्षमा भन्दा यो वर्ष बजेटमा पनि कटौती भएको छ। २० वर्षदेखि प्रतिनिधिविहीन रहेको स्थानीय तहलाई सुधार्न केही समय त लाग्छ।

**० बजेट किन कटौती भयो ?**

– स्थानीय आयस्रोत बढाउनु पर्छ। प्रत्येक वर्ष बजेट परिमार्जित गर्दै जाने नेपाल सरकारको नीति छ। कलैया उपमहानगरपालिकाको नीजि आय नै धेरै कम छ। यो वर्षको बजेट चार करोडको हाराहारीमा छ तर सरसफाईमा मात्र लगभग २ करोड ६० लाख खर्च हुन्छ।

**० अन्य नगरका पमुख उपप्रमुखहरूले हामीलाई केन्द्रबाट अधिकार दिइएन भनेर गुनासो गर्नुहुन्छ, तपाई के भन्नुहुन्छ यो विषयमा ?**

– केन्द्रबाट अधिकार आए पनि त्यसलाई परिचालन गर्न त जनशक्ति चाहियो। कर्मचारी आए पनि यहाँ दिगो भएर काम गरेको अवस्था छैन। कसरी सरूवा मिलाउन सकिन्छ भन्ने मात्र कर्मचारीले सोचाई राखेपछि त्यो क्षेत्रको विकास कसरी गर्ने भनेर उसले सोच्दै सोच्दैन। जबसम्म जनशक्तिको व्यवस्थापन गर्न सकिदैंन तबसम्म अधिकारले मात्र प्रदेशको विकास हुन सक्दैन।

**० तपाईंले आफ्नो उपमहानगरपालिकामा युवा, महिलाहरूको लागि कस्ता योजना बनाउनु भएको छ ?**

– रोजगारमूलक विशेष किसिमको कार्यक्रम हामीले गाउँघरमा चलाएका थियौं। महिलाहरूको लागि मैनबत्ती निर्माण, सिलाई लगायतका विभिन्न तालिमहरू सञ्चालन गर्ने गरेका छौं। युवाहरूलाई कम्प्युटर तालिम, कृषि सम्बन्धी विभिन्न तालिमहरू पनि दिने गरेका छौं। त्यसको प्रतिफल के कस्तो आउँछ आउने वर्षमा थाहा हुन्छ।

**० प्रदेश २ मा सबैभन्दा धेरै भ्रष्टाचार हुन्छ भन्ने गरिन्छ, त्यहाँको अवस्था के छ ?**

– नियम र कानुन विपरित यहाँ केही काम हुँदैन।

**० कलैया उपनगरपालिकालाई तपाईं आफ्नो ५ वर्षे कार्यकालमा कस्तो बनाउनु हुन्छ ?**

– शिक्षा, स्वास्थलाई व्यवस्थित गरेर कृषि क्षेत्रमा परिवर्तन ल्याउने मेरो मुख्य योजना छ र म ५ वर्षको अवधिमा यी कामहरू पुरा गरेरै छोड्छु।

# विश्व परिवेश

## भारतीय राष्ट्रपति र अस्ट्रेलियाली प्रधानमन्त्रीबीच भेटवार्ता

सिड्नी । अस्ट्रेलिया भ्रमणमा रहनुभएका भारतीय राष्ट्रपति रामनाथ कोविन्दसँग अष्ट्रेलियाली प्रधानमन्त्री स्कट मोरिसनले बिहीबार सिड्नीमा शिष्टाचार भेट गरेका छन् । चारदिने भ्रमणका क्रममा बुधबार बिहान राष्ट्रपति कोविन्द अष्ट्रेलिया पुगेका थिए । भारतीय राष्ट्रपति कोविन्द, उनका श्रीमती सवितालगायतलाई अस्ट्रेलियाका उच्चस्तरीय सरकारी अधिकारीले स्वागत गरेका थिए ।



अष्ट्रेलिया भ्रमणको बिहीबार दोस्रो दिन भारतीय राष्ट्रपति कोविन्दले वरिष्ट अष्ट्रेलियाली अधिकारीहरूसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको बताइएको छ । त्यसैगरी उनले अष्ट्रेलियामा रहेको महात्मा गान्धीको शालिकलाई गान्धीको १५०औँ जन्मजयन्तीको उपलक्ष्यमा अनावरण गर्ने कार्यक्रम रहेको छ । राष्ट्रपति कोविन्द यहाँ आयोजना हुने दुई देशीय व्यापारिक सम्मेलनमा सहभागी हुनेछन् । यसअघि राष्ट्रपति कोविन्द भियतनामको चारदिने भ्रमणमा थिए । उनले भियतनामको राष्ट्रिय सभालाई सम्बोधन गर्नु साथै त्यहाँका राष्ट्रपतिसँग भेटवार्ता गरेका थिए ।

## अमेरिकाले पाकिस्तानलाई सुरक्षा सहयोग नदिने

वासिङ्टन । अमेरिकाले पाकिस्तानलाई दिने घोषणा गरेको सुरक्षा सहयोग रोकेको छ । अमेरिकी रक्षा मन्त्रालयका प्रवक्ता कर्णेल रब म्यानिङले पाकिस्तानलाई १.६ अर्ब अमेरिकी डलरको सुरक्षा साहायतामा रोक लगाइएको बताए । ट्रम्पले सोमबार मात्र ट्वीट गर्दै पाकिस्तानले अमेरिकी सहयोगको बदलामा केही पनि नदिएकाले अर्बौं डलरको सहयोग रोक्ने जनाएका थिए । यसको उदाहरण बिन लादेन भएको उनको भनाइ थियो ।



ओबामा प्रशासनमा रक्षा मन्त्रालयका तर्फबाट अफगानिस्तान, पाकिस्तान र मध्य एसिया हेर्ने उपमन्त्री डेभिड सिड्नीले पाकिस्तानलाई सहयोग रोकले अमेरिकी निराशा देखाएको बताएका छन् । पाकिस्तानले छिमेकी देशमा आतंक फैलाउने समुहलाई रोक्न कुनै कदम नउठाएको उनको भनाइ छ ।

पूर्वउपमन्त्री सिड्नीले पाकिस्तानका नेताले सधैं प्रतिबद्धता जनाउने गरेको तर कार्यन्वन नगरेको उल्लेख गर्दै ट्रम्प प्रशासन मात्र नभई अधिकांश अमेरिकी पाकिस्तानसँग निराश भएको बताएका छन् । उनले अझै पनि तलिवानलाई हतियार, लडाकु र आर्थिक सहयोग सजिलै मिलिरहेको, तालिम लिरहेको र तालिवानका कमान्डरलाई पाकिस्तानमा शरण दिएको बताए ।

गत वर्षको अगस्टमा अफगानिस्तान र दक्षिण एसीयासम्बन्धी आफ्नो नीति घोषणा गर्दै ट्रम्पले पाकिस्तान आतंकवादीको सुरक्षित थलो भएको बताएका थिए । उनले आतंककारीलाई सहयोग गर्दा निकै धेरै गुमाउनु पर्ने चेतावनी पनि पाकिस्तानलाई दिएका थिए । गत सेप्टेम्बरमा पनि ट्रम्प प्रशासनले पाकिस्तानलाई ३० करोड डलरकने सैन्य सहयोगमा रोक लगाएको थियो । त्यसयता अमेरिका र पाकिस्तानबीचको सम्बन्ध चिसिएको छ । एजेन्सी

## इरानमाथि अमेरिकाको प्रतिबन्ध : अर्थतन्त्रमा असर

इरानविरूद्ध अमेरिकाले घोषणा गरेको कठोर आर्थिक प्रतिबन्ध गत सोमबारदेखि लागु भएको छ। यसबाट इरानको पेट्रोलियम पदार्थको निर्यात व्यवस्थालाई पूर्ण रूपमा ध्वस्त बनाउन अमेरिकी राष्ट्रपति ट्रम्प लागिपरेको प्रष्ट हुन्छ । इरानमाथिको पछिल्लो अमेरिकी प्रतिबन्धले इरानसँग व्यापार गर्ने कम्पनीलाई अमेरिकासँग व्यापार गर्नबाट समेत प्रतिबन्ध लगाएको छ । यसैगरी, इरानसँग आर्थिक सम्बन्ध भएका कम्पनीसँग अमेरिकी कम्पनीलाई व्यवसाय गर्नबाट पनि रोक लगाइएको छ। यद्यपि ,आठओटा अमेरिकी राज्यलाई भने अस्थाई समयका लागि इरानबाट पेट्रोलियम पदार्थ खरिद गर्न अनुमति दिइएको छ। यसको अर्थ इरानसँगको पेट्रोलियम निर्यात पूर्ण रूपमा शून्यमा झारिहाल्न सहज नभएको महसुस ट्रम्पले गरेको देखिन्छ ।

इरानसँगको सम्पूर्ण इन्धन सम्बन्धलाई तत्काल पूर्ण कटौती गर्न असम्भव रहेको ठहर अमेरिकाका धेरै राज्यले गरेका छन् । तत्कालै अन्य देशबाट पेट्रोलियम पदार्थको आपूर्ति गर्न अमेरिकी राज्यहरूलाई सजिलो छैन । इरानबाट पेट्रोलियम पदार्थको आपूर्ति गर्ने अन्य अमेरिकी गुट राष्ट्रहरूको हकमा पनि यही समस्या दोहोरिने देखिन्छ । यस्तो स्थितिमा पेट्रोलियम पदार्थका लागि इरानमाथि निर्भर हुने देशलाई इरानसँग कारोबार नगर्न अमेरिकाले आदेश दिँदा सम्बन्धित राष्ट्रले अमेरिकी प्रतिबन्ध उल्लंघन गर्ने सम्भावना पनि उत्तिकै छ। अन्य देशले इरानसँग ऊर्जा क्षेत्रका लागि सहकार्य जारी राखे पनि ट्रम्पको प्रतिबन्धबाट इरान पक्कै पनि निरास भएको हुनुपर्छ । जुलाई २०१५ मा इरानले चीन ,फ्रान्स ,रूस ,बेलायत, अमेरिका ,जर्मनी र युरोपियन युनियनसँग संयुक्त रूपमा परमाणु सम्झौता गरेको थियो। यस सम्झौतापछि देशमा व्यापक अन्तराष्ट्रिय लगानी भित्रिने र आर्थिक विकास बढ्ने अपेक्षा इरानले गरेको थियो । इरान परमाणु सम्झौताबाट इरानी राष्ट्रपति हसन रोहानी र उनको राजनीतिक शक्तिले समेत इरानमा लोकप्रियता कमाएको थियो। रोहानीका लागि इरानमा लगानी गर्ने सबैभन्दा महत्वपूर्ण राष्ट्रहरूमा युरोपेली देश छन् । यसैबीच, परमाणु सम्झौतामा इरान इमान्दार देखिएकाले अमेरिकाले इरानमाथि लगाएको आर्थिक प्रतिबन्ध आफुहरूले नमान्ने प्रतिक्रिया युरोपेली देशहरूले दिएका छन् । अमेरिकी प्रतिबन्धको असरबाट इरानसँग कारोबार गर्ने युरोपेली कम्पनीलाई संरक्षण तथा सहयोग गर्न युरोपेली देशहरूले विशेष भुक्तानी संयन्त्र लागु गर्ने निर्णय गरेका छन् । यद्यपि, युरोपेली राजनीतिक प्रतिबद्धताले धेरै युरोपेली कम्पनीको इरानसँगको व्यापार यथावत् राख्न सकेको छैन । अमेरिकी प्रतिबद्धताको डरले युरोपका टोटल र एयरबस जस्ता महत्वपूर्ण कम्पनीहरू इरानबाट बाहिरिसकेका छन् ।

यसरी इरानसँग व्यापार गर्ने अन्य कम्पनीले पनि इरानसँगको व्यापारबाट हात झिक्ने हो भने इरानको अर्थतन्त्रमा गम्भीर धक्का लाग्ने निश्चित छ। अर्थतन्त्र धरासायी हुँदा रोहानी र उनको राजनीतिक धारलाई समेत असर पुग्नेछ। अमेरिकी चुनौती सामना गर्न इरानले पेट्रोलियम पदार्थको निर्यात र विदेशी लगानी भित्र्याउनका लागि नयाँ रचनात्मक उपायको खोजी गर्नुपर्ने अवस्था छ। यस्तोमा चीन र रूसलगायत देशले इरान परमाणु सम्झौतालाई स्विकारेकाले इरानसँगको व्यापार र ऊर्जा क्षेत्रको सहकार्यलाई निरन्तरता दिइरहनेछन् । अमेरिकी प्रतिबन्धले इरानी अर्थतन्त्रलाई असर गरे पनि , प्रतिबन्धको सामना गर्न इरान सक्षम हुनेछ । (लेखक चीनको चहार इन्स्टिच्युटका शोधकर्ता हुन्) साभार : नयाँपत्रिका दैनिकबाट

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरू**

- **जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन ( जीवित रहेसम्म) कैद हुने,**
- **क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,**
- **सार्वजनिक रूपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।**

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना तथा प्रसारण विभाग**

## लालपुर्जा वितरण

कैलाली । राष्ट्रिय आवास कम्पनीले कैलाली र कञ्चनपुरमा बसोबास गर्दै आएका दुई हजार ४०० घरपरिवारलाई लालपुर्जा वितरण गर्ने भएको छ । साविकको नेपाल पुनर्वास कम्पनीले वितरण गरी बाँकी रहेका जग्गा भोगचलन गर्दै आएका अव्यवस्थित स्थानीयवासीलाई व्यवस्थित गर्न लालपुर्जा वितरण गर्ने भएको हो । राष्ट्रिय आवास कम्पनीका अध्यक्ष मोहन चौधरीका अनुसार कैलालीको जुगेडामा बसेका ४०० र कञ्चनपुरको दक्षिणी क्षेत्रमा बसोबास गर्दै आएका दुई हजार गरी दुई हजार ४०० घरपरिवारलाई लालपुर्जा वितरण प्रक्रिया अघि बढेको छ । कम्पनी सञ्चालक समितिले फुटकर जग्गा बिक्री वितरणसम्वनधी विनियमावली २०६९ मा दोस्रो संशोधन गर्नुपर्ने देखिएको थियो । मस्यौदा स्वीकृतिका लागि शहरी विकास मन्त्रालयमा पेश गरी मन्त्रालयबाट परिमार्जनसहित मन्त्रिपरिषद्बाट गत भदौ ३१ गते दोस्रो संशोधन स्वीकृत भएसँगै लालपुर्जा वितरण कार्य अघि बढाउने बाटो खुलेको कम्पनीका अध्यक्ष चौधरीले बताए । कञ्चनपुरको त्रिभुवनबस्ती क्षेत्रमा ३४४, परासन क्षेत्रमा ५७०, वाइसी विछवामा २० बिघा गरी कूल ९३६ बिघा १८ धुर जग्गामा बसोबास गर्दै आएका घरपरिवारलाई लालपुर्जा वितरण गर्न आवश्यक तयारी अघि बढाइएको अध्यक्ष चौधरीले जानकारी दिए । त्यसैगरी कैलालीको धनगढी उपमहानगरपालिका-१२ जुगेडामा बसोबास गर्दै आएका ४०० घरपरिवारलाई लालपुर्जा उपलब्ध गराउने तयारी कम्पनीले गरेको छ ।

## हर्न बजाउन निषेध

नेपालगञ्ज । मंसिर १ गतेदेखि नेपालगन्जमा हर्न निषेधित गरिने भएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेले उपमहानगरपालिकाभित्र हर्न निषेधित गर्न अभियान पनि थालेको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँके प्रहरी निरीक्षक हिरेन्द्र रोकायाका अनुसार नेपालगन्जमा पूर्णरूपमा हर्न निषेधित गर्न मंसिर महिनाभरी सरोकारवाला संघ/संस्थाहरूसँगको समन्वयमा जनचेतनामुलक कार्यक्रमहरू संचालन गरिने भएको छ । जसअन्तर्गत नेपालगन्ज प्रवेश गर्ने नाकाहरूमा होर्डिङ्ग बोर्ड लगाईने, यातायात समिति, व्यवसायी लगायत सरकारी निकाय सबैसँग छलफल गरिने र नगरलाई हर्न निषेधित गर्न अन्य कार्यक्रमहरू पनि संचालन गरिने प्रहरी निरीक्षक रोकायाले जानकारी दिए । बढ्दो सवारीसाधनको चापका कारण नगर क्षेत्रमा अत्यधिक ध्वनि प्रदुषण भएपछि नगरमा हर्न निषेधित गर्न लागिएको रोकायाले बताए ।

# जिल्ला समाचार

## अराजक छैन : सभापति देउवा

विराटनगर । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीभित्र आन्तरिक द्वन्द्व रहेपनि अराजक नरहेको बताएका छन् । उनले पार्टीमा कोइरालाहरूबीचको एकताबाट पार्टीलाई फाइदा हुने समेत बताएका छन् । विराटनगर विमानस्थलमा उनले पार्टीभित्र मोर्चाबन्दी गर्न पाइने स्पष्ट पारे । पूर्वप्रधानमन्त्री देउवाले काङ्ग्रेस प्रजातान्त्रिक पार्टी भएकाले यसभित्र गुट उपगुट हुने बताउँदै विगतमा पार्टी सभापति गिरिजाप्रसाद हुँदा विधानअनुसार सञ्चालन नभएको प्रष्ट पारे ।

## सरकारले मुलुकको हितमा काम गरेन : सिंह

कपिलवस्तु । नेपाल कांग्रेसका नेता एव पूर्वउपप्रधानमन्त्री प्रकाशमान सिंहले वर्तमान सरकारले जनभावना अनुसार काम गर्न नसकेको बताएका छन् । नेपाली कांग्रेस कपिलवस्तुले तौलिहवामा आयोजना गरेको कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै सिंहले सामान्य घटना तथा समस्या पनि समाधान गर्न नसक्ने अवस्थामा आएको सरकारले मुलुकको हितमा काम गर्न नसक्ने बताए । कानुन निर्माण गरि नियमित काम गर्नुको साटो ठुलो माछा समाउँछु भनेर जनतामा भम्र छर्ने तर सानो माछा समेत समात्न नसकेको उनले बताए । वर्तमान सरकारले सवृद्धिको नारा मात्र लगाउने तर सवृद्धि हुने कुनै काम नगरेकको उनले बताए । हत्या हिंसाको नियन्त्रण गर्न नसक्नु, आरोपिलाई कारवाही गर्न नसक्नु तथा राजश्व परिचालन र खर्च समेत गर्न नसक्नु जस्ता कामले कुनै उपलब्धी मुलक कार्य गर्न नसकी सरकार विफल भएको उनले बताए ।

## एकताको विकल्प छैन : महामन्त्री कोइराला

विराटनगर । नेपाली कांग्रेसका महामन्त्री डा शशाङ्क कोइरालाले राष्ट्र निर्माणका लागि राजनीतिमा युवाको सहभागिता बढाउनुपर्ने बताएका छन् । विराटनगर कोइराला निवासस्थित जिपी फाउण्डेशन प्रदेश नं १ कार्यालयको आइतबार महामन्त्री कोइराला, केन्द्रीय सदस्य डा शेखर कोइराला र फाउण्डेशनका केन्द्रीय सभापति सुजाता कोइरालाले संयुक्तरूपमा उद्घाटन गरेको कार्यक्रममा उनले सो कुरा बताएका हुन् । महामन्त्री कोइरालाले पार्टीको उज्ज्वल भविष्य निर्माण गर्न एकताको विकल्प नरहेको र यसैको माध्यमबाट देशको विकास हुने कुरामा जोड दिए । उनले विगतमा काङ्गेसका नेता गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा रहेको सरकारबाट धेरै परिवर्तनका काम भएको स्मरण गराउँदै कोइराला परिवारका हामी तीनै जना नेता एक रहेको स्पष्ट पारे । केन्द्रीय सदस्य डा शेखरले सरकार स्थिर भए पनि देशको राजनीतिमा तरलता छ भन्दै काङ्गेसमा संवादहीनताका कारण पार्टीभित्र समस्या देखापरेको बताए ।

## कृषिमा लगानी आवश्यक : राज्यमन्त्री यादव

राकेश यादव, रौतहट । प्रदेश २ का कृषि भूमि व्यवस्था तथा सहकारी राज्यमन्त्री योगेन्द्र राय यादवले प्रदेशका मतस्य व्यवसायीहरूलाई आत्म निर्भर बनाउने बताएका छन् । विश्व मतस्य दिवसको अवसरमा रौतहटको गरूडा स्थित तुलसीलाल स्मृति भवनमा आयोजना गरिएको र समृद्धि विषयक अन्तरक्रिया गोष्ठीमा सम्वोधन गर्दै राज्यमन्त्री यादवले प्रदेश नम्बर २ लाई धनि प्रदेश बनाउन कृषिमा लगानी गर्नुको विकल्प नरहेको प्रष्ट पारे । उनले भने हाम्रो प्रदेश भविष्यमा सवै प्रदेश भन्दा बलियो र संपन्न प्रदेश हुनेछन् । माछापालन यो प्रदेशमा बढ़ी संख्यामा भई रहेको हुदा माछालाइ निर्यात कसरी गर्ने र व्यवस्थापन कसरी गर्ने विषयमा ध्यान दिनुपर्ने जिकिर गरे । प्रदेश सरकार किसानको लागि काम गर्ने भएको बताउँदै राज्यमन्त्री यादवले किसानको उत्पादन बढाउन र सुरक्षित गर्नको लागि प्रत्येक जिल्लामा सहित भण्डारण केन्द्र स्थापनाको प्रक्रिया अघि बढाइएको बताए ।

## अनलाईन सेवा सुरू

दिनेश ठाकुर, नेपालगञ्ज । खजुरा गाउँपालिकामा ब्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ताको विवरण अनलाईन गरिएको छ । खजुरा गाउँपालिका वडा नम्बर १ का सचिव चिरञ्जीवी पाण्डेले सोमबारदेखि अनलाईन सेवाको औपचारिक सुरू वात भएको जानकारी दिए । खजुरा गाउँपालिकाका ८ वटै वडाबाट अनलाईन सुरूवात भएको हो । ८ वटा वडा मध्ये वडा नम्बर १ राधापुर ले यसअघिदेखि नै कम्प्युटर बिलिङको समेत काम गर्दै आएको सचिव पाण्डेले जानकारी दिए । अनलाईन सेवाको सुभारम्भमा प्रमुख प्रशासकीय अधिकृत बमबहादुर केसी लगायत वडा कार्यालयमा पुगेको वडा अध्यक्ष सुमन मल्लले जानकारी दिए । यसअघि गाउँपालिकाले अनलाई सुरू गर्नुभन्दा अगाडी गाउँपालिकाका सचिव तथा सामाजिक परिचालकहरूका लागि तालिम आयोजना गरेको थियो । तालिममा सहभागी जनशक्तिलाई अनलाईन प्रर्णालीका विषयमा जानकारी दिइएपछि गाउँपालिकाले अनलाइन सुरू गरेको हो ।अनलाईन भएपछि कर्मचारी र सेवाग्राही दुबैलाई सहज हुने अपेक्षा राखिएको खजुरा गाउँपालिका १ का सचिव पाण्डेले जानकारी दिए ।

## “पार्टी विधानविपरीत”

रूपन्देही । नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले सभापति शेरबहादुर देउवाले बहुमतको आडमा पार्टीलाई विधान विपरीत चलाएको आरोप लगाएका छन् । विधान मिच्ने अधिकार कसैलाई नभएको भन्दै उनले विधानमा दुई उपसभापति राख्ने व्यवस्था नभएको उल्लेख गखे । नेपाल प्रेस युनियन रूपन्देहीले बुधबार बुटवलमा आयोजना गरेको पत्रकार भेटघाटमा पूर्वमहामन्त्री समेत रहेका नेता सिंहले बिपी, गणेशमान र कृष्णप्रसाद भट्टराईले सोचेअनुसार वर्तमान पार्टी नेतृत्व जान नसकेको बताए । अब सबैलाई समेटेर विधान र विधिलाई अवलम्बन गर्ने नेतृत्व कांग्रेसमा आवश्यक रहेको उनको भनाई थियो ।

## परिषद् बैठक विराटनगरमा हुने

विराटनगर । मानव अधिकार, शान्ति, लोकतन्त्र, अहिंसा, सद्भाव र सहिष्णुताका लागि कार्यरत स्वयंसेवी संस्था मानव अधिकार तथा शान्ति समाजको २१ औँ राष्ट्रिय परिषद् बैठक मङ्सिर १४ र १५ गते विराटनगरमा हुने भएको छ । ‘जगत्मुखी, जीवनमुखी, सेवामुखी उद्देश्य’ भन्ने मूल नारासहित आयोजना हुने राष्ट्रिय परिषद् बैठकलाई सफल बनाउन मूल तयारी समितिसहित उपसमिति गठन गरिएको छ । बैठकलाई नेपाल कम्युनिष्ट पार्टीका प्रवक्ता तथा पूर्वउपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठ, नेपाली काङ्गेसका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री गगन थापा, नागरिक अगुवा डा देवेन्द्रराज पाण्डे र कृष्ण पहाडीले सम्बोधन गर्ने कार्यक्रम छ ।

## ३ करोड घोटाला गरे

राकेश यादव, रौतहट । रौतहट जिल्लाको चन्द्रपुर नगरपालिका ५ स्थित माउन्ट एभरेस्ट आवासीय माध्यमिक विद्यालयका प्रबन्धक उमेश प्रसाद बास्कोटा र लेखापाल अनन्त कुमार चौधरीले ३ करोडभन्दा बढी रकम हिनामिना गरेको खुलेको छ । विद्यालयका लेखा समिति संयोजक प्रेम शंकर मिश्राले जारी गरेको प्रतिवेदनका अनुसार प्रबन्धक बास्कोटा र लेखापाल चौधरीले आर्थिक वर्ष २०६७।०६८ देखि ०७४।०७५ सम्मको माउन्ट एभरेस्ट आवासीय माध्यमिक विद्यालय तथा माउण्ट एभरेस्ट एजुकेशन फाउंडेशन प्रा लिको आर्थिक कोषको जिम्मेवारी लिएर ३ करोड़ १२ लाख २८ हजार ३ सय ८२ रूपैयाँ अनियमिता गरेको ठहर गरेको छ । प्रवन्धक बास्कोटाले विद्यालयको ७ कठा ४ धुर जग्गा आफ्नो नाममा गराई मेगा बैंक सर्लाही शाखाबाट रोक्का गराएकोमा सिघ्र फुकुवा गराई विद्यालयको नाममा नामसारी गराउनु पर्ने बैठकबाट निर्णय भएको प्रतिबेदनमा उल्लेख गरिएको छ ।

## टाइम कार्ड वितरण

कपिलवस्तु । कपिलवस्तु जिल्ला ट्राफिक प्रहरी कार्यालय, गोरूसिंगेले कपिलवस्तुको शिवराज नगरपालिका वडा नं. ५ चन्द्रौटास्थित पूर्व-पश्चिम महेन्द्र राजमार्गमा टिप्पर चालकलाई सवारी टाइम कार्ड वितरण गरेको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक बाबु राजा पन्त समेतको टोली खटि गई बढ्दो सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले यस जिल्लाको चन्द्रौटा, गोरूसिंगे, पिपरा हुँदै मुर्गियासम्म चल्ने भाडाका टिप्परहरूलाई सवारी टाइम कार्ड वितरण गरी संचालनमा ल्याइएको छ । साथै सोही अवसरमा विभिन्न सवारीका चालक, सहचालक र धनि गरी ६० जनालाई भेला जम्मा गरी सुरक्षित तरिकाले कसरी ओभरटेक गर्ने तथा ट्राफिकका चिन्हरूका बारेमालगायतका विभिन्न विषयमा जनचेतनामूलक कक्षा संचालन समेत गरिएको थियो ।


अंगीकृत नागरिकता र राष्ट्रिय सुरक्षावारे गृहमन्त्रीको मन्तव्य सकारात्मक छ। २०६३ सालमा राष्ट्रहित विपरितको नागरिकता ऐन लागु गरी लाखौं विदेशीलाई नेपाली नागरिकता बाँडिएको थियो। राष्ट्रिय सुरक्षामा पर्न सक्ने गम्भीर प्रभावलाई विचार गरी त्यसवारे छानविन गर्ने साहस देखाउन गृहमन्त्रीसँग आग्रह छ। **कमल थापा**


संघीयताको सामान्य सिद्धान्त अबलम्बन गर्न, मुलुकको द्रुत आर्थिक विकाश गर्न र मधेशी जनताको मुद्दाहरूलाइ सम्बोधन गर्न अबिलम्ब संविधान संशोधन गर्नको लागि राज्यले कारवाही अगाडी बढाउनु पर्छ। एकल जातिय विभेद र शोषणको अन्त्य हुनुपर्छ। **सत्यनारायण मण्डल**


प्रदेश २ को नामाकरण गर्न दुविधाग्रस्त हुनु हुँदैन। सम्पूर्ण देशमा यो भूभाग मधेशको नामले परिचित छ. पहिचानको लागि भएको आन्दोलनहरूमा पनि सम्पूर्ण मधेश क्षेत्रमा जनताले सरकारी कार्यालयहरूको बोर्डबाट नेपाल सरकारको नाम हटाएर मधेश सरकार लेखेको सबैलाई स्मरण होला। **देवेश झा**


हिजोसम्म समग्र मधेश प्रदेशको माग भै रहँदा यस्तै नौटंकीले गर्दा ८ जिल्लामा समेटिनु पर्यो। आज पनि त्यस्तै नौटंकी भै रहेको छ, त्यसैले प्रदेश २ को नाम २०६४ सालदेखि आम रूपमा सबैले स्वीकार गरेको मधेश प्रदेश बनाउनुपर्छ र प्रदेश नं. ५ र प्रदेश नं. १ को भागलाई प्रदेश नं. २ मा मिलाउन प्रयास थालिनु पर्छ। नौटंकी बन्द गरियोस। **अनन्त अनुराग**


म मधेश आन्दोलनको योद्धा हुँ। मधेश आन्दोलन "मधेश प्रदेश" कै निम्ति भएको थियो। हाल ठुला-ठुला होर्डिङ बोर्ड बाला नामहरू फेसबुकमा हेर्छु, पक्कै पनि मधेश आन्दोलन त्यसका निम्ति भएको थिएन। त्यसकारण अपूर्ण रहेको मधेश आन्दोलनलाई पुर्णता दिन "मधेश प्रदेश" नै नाम रोजौं। **सुरेश मण्डल**


प्रदेश भनेको जनता र सरकारको दुरी छोटो गर्न हो। विकेन्द्रीकरण, संघीयता भनेको जनतामा सेवा र सुविधा प्रवाह गर्ने हो। कर उत्पादन गर्ने हो, लगाउने होइन। नीति र कार्यक्रममा जनसहभागितात्मक रूपले तयार गर्ने हो। बिविधता नेपालको सन्दर्भमा १२५ जातजाति समेट्ने हो। **विनोद न्यौपाने**


आर्थिक बर्ष फेरिने वित्तिकै एउटा मामुली प्रा.लिले पनि गौंडै पिच्छे दस्तुर तिरेर हिँड्नुपर्छ, यसपाली देखि वडा पनि थपियो। 'देशमै बस्छु, सकेको व्यवसाय गरेर सुकामोहोर भएपनि राज्यलाई कर तिर्छु' भन्ने म जतिको मुर्ख, पढ्नु अघिको कालिदास पनि थिएन होला। **रञ्जित तामाङ**


यतिबेला देशका अधिकांश पर्यटकीय क्षेत्रहरू भरिभराउ छन्। विदेशी पर्यटकको आगमन उत्साहजनक छ भने आन्तरिक पर्यटकसमेत पदयात्रामा प्रशस्तै भेटिनु अर्को सुन्दर पक्ष हो। नेपालीले नेपाल चिनेमात्र संसारलाई चिनाउन सक्छन्, त्यसैले आन्तरिक घुमघामलाई अभियानकै रूपमा अगाडि बढाऔं। **आनन्द राज**

## मिथिलामै...

गरिन्छ। जसमध्ये नेपालमा मात्रै २८ लाख र भारतमा ३ करोड ४७ लाख मानिसले मातृभाषाको रूपमा बोल्ने गरेका छन्।

मैथिली भाषा यति धेरै व्यापक रहे पनि मधेशमा हिन्दीलाई सम्पर्क भाषाको रूपमा प्रयोग गर्न पाउनुपर्ने आवाज उठ्नु बिडम्बना नै हो। प्रदेश २ मा हिन्दी भाषाको स्थितिका बारेमा कुरा गर्दा नेपालको जनगणना २०६८ मा उल्लेख भएअनुसार यो भाषा मातृभाषाका रूपमा बोल्ने वक्ताहरूको संख्या भने न्यून छ। जनगणनाको तथ्यांकअनुसार यो नेपालको बीसौं ठूलो भाषा हो जबकी मैथिली दोस्रो ठूलो भाषा हो। हो, मधेशमा हिन्दी आम सम्पर्कको रूपमा प्रयोग भएपनि यो त्यहाँको भाषा होइन, हुन पनि सक्दैन।

राष्ट्रिय जनगणनाको प्रतिवेदनअनुसार यस प्रदेशमा हिन्दीलाई मातृभाषाको रूपमा बोल्नेहरूको संख्या ८६२५ मात्रै छ। यसर्थ मातृभाषीहरूको संख्यालाई मात्र आधार लिँदा हिन्दी भाषा सजिलै सरकारी कामकाजको रूपमा प्रयोग गर्न सकिने समान भाषावैज्ञानिक आधार देखिँदैन। नेपालमा हिन्दी भाषाको विश्वविद्यालय तहमा विषयका रूपमा समेत पठनपाठन हुने गरेको छ। तर कुन भाषा कुन प्रयोजनको लागि प्रयोग गर्न सकिन्छ भन्ने कुरा एउटा मात्रै कारणले निर्धारण गर्दैन। यसका अन्य आधारहरूसमेत विचारणीय हुन्छन्।

हिन्दीलाई कामकाजको भाषा बनाउँदा मैथिली, भोजपुरी र अवधीजस्ता मधेशमा बोलिने अन्य भाषा अन्ततः ओझेलमा पर्नेछन्। भाषिक समृद्धिका आधारमा पनि मैथिली हिन्दीभन्दा कमजोर इतिहास भएको भाषा होइन। तर हिन्दीलाई सरकारी कामकाजको भाषा बनाउँदा मैथिली भाषा र संस्कृतिको अनादर हुन्छ। साथै हिन्दीको प्रयोग बढ्न थालेपछि बिस्तारै स्थानीय भाषाहरू विशेषगरी मैथिली, भोजपुरी र अवधीको अस्तित्व लोप हुनेछ। यसैले हिन्दीलाई सरकारी कामकाजको भाषा बनाउँदा कसैको हित हुँदैन।

# भारतद्वारा कास्कीमा तीन शैक्षिक संस्थाको निर्माण



काठमाडौं। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रबिन्द्र अधिकारीले लेखनाथ नगरपालिकास्थित श्री सरस्वती टिका उच्च माध्यमिक विद्यालयको उद्घाटन गरेका छन्। उक्त उद्घाटन समारोहमा भारतीय दूतावासका मिशन उप-प्रमुख डा. अजय कुमार उपस्थित थिए। डा. अजय कुमारले श्री लक्ष्मी आदर्श महुमुखी क्याम्पस र श्री गुप्तेश्वर महादेव महुमुखी क्याम्पसको पनि उद्घाटन गरे। **श्री सरस्वती टिका उच्च माध्यमिक विद्यालय** ३७.१० मिलियन नेपाली रूपैंया बराबरको भारतीय सहयोगमा निर्माण गरिएको हो। राष्ट्रिय परिक्षा बोर्डसँग आबद्ध उक्त विद्यालयले १०+२ तहका विभिन्न कार्यक्रम प्रदान गर्दै आएको छ। कास्की जिल्लाको प्रतिष्ठित उक्त विद्यालयले त्यहाँ अध्ययनरत विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ। सो विद्यालयमा अध्ययनरत झण्डै ११०० विद्यार्थीमध्ये ४५ प्रतिशत छात्रा छन्। नेरू ४८.४० मिलियन भारतीय सहयोगमा **श्री लक्ष्मी आदर्श बहुमुखी क्याम्पस**को निर्माण भएको हो। त्रिभुवन विश्वविद्यालयसँग आबद्ध रहेको उक्त क्याम्पसले शिक्षा संकायमा स्नातक तहसम्म चार वर्षे पूर्णकालिन कार्यक्रम एवं १०+२ तहमा व्यवस्थापन, शिक्षा र मानविकी संकायमा पनि सेवा प्रदान गर्दछ। यस क्याम्पसमा ४ सय ५० भन्दा बढी विद्यार्थी अध्ययनरत छन् जसमध्ये ८५ प्रतिशत छात्रा रहेका छन्। नेरू ४१.१० मिलियन बराबरको भारतीय सहयोगमा **श्री गुप्तेश्वर महादेव बहुमुखी क्याम्पस**को निर्माण भएको हो। यो त्रिभुवन विश्वविद्यालयसँग आबद्ध रहेका एक गैरनाफामूलक प्राज्ञिक संस्था हो जसले बि.एड., बिबिएस र एमबिएस संकायमा सेवा प्रदान गर्दछ। सन् २०१८को शैक्षिक सत्रदेखि यस क्याम्पसले बिएचएम र बिआईएम संकायमा पनि अध्यापन शुरू गरेको छ। यस क्याम्पसमा ४ सय १८ जना विद्यार्थी अध्ययनरत छन् जसमध्ये ८० प्रतिशत छात्रा रहेका छन्।

नवनिर्मित संरचनाहरू (सभा हल, कम्प्युटर ल्याब, पुस्तकालय, आदि)ले विद्यार्थीका लागि अध्ययन गर्ने वातावरणलाई थप उर्जाशील बनाउनुका साथै कास्की, स्याङजा, पर्वत, म्याग्दी र तनहुँ जिल्लाका थुप्रै विद्यार्थीका लागि शिक्षाको पहुँच पनि सुनिश्चित गर्नेछ।

# निर्माण उपकरणको प्रदर्शनी




काठमाडौं। भारतीय उद्योग परिसंघ (सीआईआई) को आयोजनामा भक्तपुरमा नेपालकै ठूलो निर्माण उपकरण प्रदर्शनी 'सिआईआई कन्म्याक २०१८' शुरू भएको छ। भक्तपुरको सल्लाघारीस्थित ओपन ग्राउन्डमा शुरू भएको प्रदर्शनी शनिवारसम्म चल्ने छ। प्रदर्शनीको भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुबीर महासेठले उद्घाटन गरे। उद्घाटन कार्यक्रममा नेपालका लागि भारतीय राजदूत मञ्जिवसिंह पुरी उपस्थित थिए। नेपालस्थित भारतीय दूतावासको सहकार्यमा शुरू भएको ३ दिने प्रदर्शनीमा जेसीबी, एल एण्ड टी, हुन्डाई, केटरपिलर, टाटा हिटाचीजस्ता ठूला कम्पनीसहित भारतका १ सय ५० बढी कम्पनीले आफ्ना उत्पादन तथा सेवालाई प्रदर्शनीमा राखेका छन्। पहिलेदेखि नै उच्च तहमा चलिआएको औद्योगिक सहकार्यलाई प्रर्दशनीले २ देशबीचको औद्योगिक र व्यापारिक सहकार्यलाई थप प्रगाढ गर्दै दुवै देशका उद्योगलाई जोड्ने लक्ष्य लिएको छ।

# नेपाललाई हरतरहले सघाउँछौ : राजदूत पुरी

काठमाडौं। नेपालका लागि भारतका राजदूत मञ्जिभसिंह पुरीले नेपालको चौतर्फी विकासमा हरतरहले भारतले सघाउने प्रतिबद्धता व्यक्त गरेका छन्। उनले नेपालको आर्थिक-सामाजिक विकासका साथै शैक्षिक एवं सांस्कृतिक उन्नयनमा पनि भारतले निरन्तर सहयोग गर्दै आएको र भविष्यमा पनि सक्दो सहयोग गर्ने दृढता व्यक्त गरे।

भारत र नेपालबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औं वार्षिकोत्सवका सन्दर्भमा आगामी मङ्गलबार राजदूत निवासको पटाङ्गिनीमा विश्वविख्यात तबलावादक उस्ताद जाकिर हुसेनले प्रस्तुत गर्ने साङ्गीतिक कार्यक्रमबारे जानकारी दिन आयोजित पत्रकार भेटमा राजदूत पुरीले नेपालप्रति भारत सधैं सकारात्मक र सहयोगी रहेको दोहोऱ्याए।

भाषा, साहित्य, कला, संस्कृतिका साथै गीतसङ्गीतका माध्यमबाट जनस्तरको सम्बन्धलाई अझ प्रगाढ बनाउन सकिने बताउँदै उहाँले भारत र नेपालबीचको शताब्दीऔं पुरानो सांस्कृतिक सम्बन्ध जाकिर हुसेनको प्रस्तुतिबाट नयाँ उचाइमा पुग्ने विश्वास उनले व्यक्त गरे।

# भारतीय तबलावादकको प्रस्तुती हुने



काठमाडौं। भारतका प्रख्यात तबलाबादक उस्ताद जाकिर हुसेन आगामी मंसिर ११ गते आफ्नो समूहका साथ राजधानीमा प्रस्तुत हुने भएका छन्। नेपाल-भारत दौत्य सम्बन्धको ७० वर्ष पुगेको अवसर पारेर भारतीय राजदुतावासले आयोजना गर्न लागेको सांगीतिक कन्सर्टमा जाकिर र उनको समूहले विभिन्न भारतीय शास्त्रीय धुनलाई सुनाउन लागेका हुन्। दुतावाससँग इन्डियन काउन्सिल फर कल्चरल रिलेसन्स, दिल्ली र स्वामी विवेकानन्द कल्चर सेन्टर काठमाडौंले सहकार्य गरेको छ।

नेपालका जाकिरको प्रस्तुति तेस्रोपटक हुनेछ। यसअघि सन् १९९७ मा उनले बाँसुरीवादक हरिप्रसाद चौरासियासँग र सन् २००१ मा सारंगीवादक उस्ताद सुल्तान खानसँग आफ्नो प्रस्तुति दिएका थिए। जाकिरको समूहमा मृदनगममा अनन्थ कृष्णन, सारंगीमा सबिर खान, ढोलकमा नविन शर्मा र साउण्ड इन्जिनियरिङमा मुजिब ददरकार छन्।

## आर्थिक समाचार

### एनसीसी र नेपाल लाइफबीच सहकार्य

काठमाडौं। नेपाल क्रेडिट एन्ड कमर्स बैंक (एनसीसी)र नेपाल लाइफ इन्स्योरेन्स कम्पनीबीच सम्झौता भएको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत रमेशराज अर्याल र नेपाल लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत विवेक झाले पोलिसी बिक्री सम्झौतामा हस्ताक्षर गरेका छन्।

### एनसेलद्वारा नगद पुरस्कार वितरण

काठमाडौं। एनसेल प्राईभेट लिमिटेडले चाडपर्वको अवसर पारी संचालन गरेको आकर्षक 'रिचार्ज एण्ड विन' अफर अन्तर्गत गत बिहीबार नवौं र दशौं हप्ताका विजेताहरूलाई नगद पुरस्कार हस्तान्तरण गरेको छ। प्रत्येक हप्ता १० भाग्यशाली ग्राहकले जनही रू एक लाख जित्ने 'रिचार्ज एण्ड विन' अफर भाद्र १७ गतेबाट कार्तिक २४ गते सम्म १० हप्ता संचालन गरिएको थियो। नवौं हप्ताका विजेताहरूको छनौट कार्तिक २० गते र दशौं हप्ताका विजयीहरूको छनौट कार्तिक २७ गते एपि वान टेलिभिजनमा प्रत्यक्ष प्रशारण गरिएको लाईभ ड्र कार्यक्रम मार्फत गरिएको थियो। दुवै हप्ताका विजयी मध्ये प्रमाणिकरणको प्रकृया पुरा भएका विजेताहरूलाई एनसेलले बिहीबार राजधानीमा एक कार्यक्रमको आयोजना गरी जनही नगद रू एक लाख पुरस्कार प्रदान गरेको हो। एनसेलका लिगल एण्ड कर्पोरेट सर्भिसेज् निर्देशक रमेश घिमिरेले नवौं हप्ताका विजयी मध्येका तीन जना - बिनोद थोर्लिहाङ्ग (पाँचथर), श्याम राजवंशी (मोरङ्ग) र डुख राम थारू (कपिलवस्तु) - लाई जनही रू १००,००० नगद पुरस्कार हस्तान्तरण गरेका हुन्। साथै घिमिरेले दशौं हप्ताका विजयी ग्राकहरू मध्येका छ जना - सूर्य नारायण कापरी (महोत्तरी), सोना गुरूङ्ग (कास्की), सुमन श्रेष्ठ (गोर्खा), दिना कुमारी कालिकोटे (सर्लाही), सुदिप चौधरी (कैलाली) र सुजित राजबाहक (काठमाडौं) - लाई पनि नगद पुरस्कार हस्तान्तरण गरेका थिए। कार्यक्रममा दशौं हप्ताका लागि अयोग्य ठहरिएका एक विजयीको स्थानमा दशौं हप्ताको कोडहरूबाटै एक नयाँ विजयी पनि छानिएको थियो। नयाँ विजयी कोड १०-००१८६७७७७ रहेको छ। आठौं हप्ताको विजयी मध्येका एक झापाकी राधिका तिमिल्सिनाले पनि बिहीबार काठमाडौंबाटै पुरस्स्कार ग्रहण गरेकी थिइन्।

### एनआईसी एशियाले लाभांश दिने

काठमाडौं। एनआईसी एसिया बैङ्क लिमिटेडले आफ्ना सेयरधनीलाई दस प्रतिशत सेयर लाभांश दिने भएको छ। बैङ्कको राजधानीमा बसेको ३७७ औं सञ्चालक समितिको बैठकले आर्थिक वर्ष २०७४/७५ को लागि प्रतिसेयर रू. दस (दश प्रतिशत) सेयर लाभांशमा लाग्ने कर प्रयोजनका लागि प्रतिसेयर रू ०.५२६(०.५२६ प्रतिशत) नगद लाभांश दिने निर्णय गरेको हो। उक्त लाभांश नेपाल राष्ट्र बैङ्कको स्वीकृति बैङ्कको आगामी वार्षिक साधरण सभाबाट पारित भएपश्चात् मात्र सेयरधनीहरूलाई वितरण गरिने बताइएको छ।

### जीआईसी र कैलाश बैंकबीच सम्झौता

काठमाडौं। जनरल इन्स्योरेन्स कम्पनी नेपाल लिमिटेड ( जीआईसी नेपाल) र कैलाश विकास बैंकबीच बैंकासुरेन्स सम्झौता भएको छ। इन्स्योरेन्स कम्पनी तथा विकास बैंक बीच मंगलबार सम्झौता भएको हो। उक्त सम्झौतापत्रमा बैंकको प्रमुख कार्यकारी अधिकृत अमृतचरण श्रेष्ठ र इन्स्योरेन्सका महाप्रबन्धक एसके तमोटले हस्ताक्षर गरेका छन्। सहमतिसँगै बैंकका ग्राहकले जनरल इन्स्योरेन्स कम्पनी नेपालले प्रदान गर्ने निर्जीवन बिमासम्बन्धी सेवासुविधा बैंकका ७३ वटै शाखाबाट लिन सक्ने कम्पनीले जनाएको छ।

# प्रधानसेनापति र भारतीय सेना रथीबीच भेट

काठमाडौं। प्रधानसेनापति पूर्णचन्द्र थापासँग भारतीय सेनाका रथी अश्विनी कुमारले शिष्टाचार भेट गरेका छन्। त्यस अवसरमा उनीहरूबीच दुई देशका सेनाबीचको सहकार्य, भावी साझेदारीका साथै पारस्परिक हित र चासोका विविध विषयमा विचारविमर्श भएको जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

# गङ्गोत्रीको जल पशुपतिनाथमा अर्पण

काठमाडौं। भारतस्थित पवित्र तीर्थस्थल गङ्गोत्रीको जल पशुपतिनाथ मन्दिरमा अर्पण गरिएको छ। काजी अमरसिंह थापाले नेपाल विजय गर्ने क्रममा गढवाल क्षेत्र कब्जामा लिएपछि गङ्गोत्री नेपालको अधीनमा आएको थियो। थापाले त्यसैबेलादेखि गङ्गोत्रीको जल पशुपतिनाथ मन्दिरमा चढाउन शुरू गराएको ऐतिहासिक दस्तावेज प्राप्त भएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ। कार्तिक कृष्ण औंसी अर्थात् लक्ष्मीपूजाका दिन हिउँ परी चिसो बढ्ने भएकाले गङ्गोत्रीको ढोका बन्द हुन्छ। ढोका बन्द हुनुअघिको जल पशुपतिनाथ मन्दिरमा चढाउने परम्परा अमरसिंह थापाकै पालादेखि शुरू भएको हो। लक्ष्मीपूजाका दिन बन्द भएको ढोका अक्षय तृतीयाका दिन खुल्छ। ढोका खुलेपछि पशुपतिनाथको प्रसाद गङ्गोत्रीमा चढाउने गरिएको छ। यो परम्परालाई दुई देशबीचको पारस्परिक सद्भाव एवं एकताका रूपमा पुनः शुरू गरिएको जनाइएको छ।

# भारतीय रियालिटी शोमा जिताउन झापाली युवतीलाई सहयोग

झापा। भारतीय रियालिटी शो 'सारेगम'मा विजय गराउन झापा हल्दिबारी-४ की दृष्टिविहीन गायिका मेनुका पौडेललाई आर्थिक सहयोग प्रदान गरिएको छ। आर्थिक अभावकै कारण प्रतियोगितामा हार्नु नपरोस् भन्ने उद्देश्यले पौडेललाई हल्दिबारी-४ का वडासदस्य महेशलाल मेचेको नेतृत्वमा वडा कार्यालयबाट रू ६१ हजार सङ्कलन गरी प्रदान गरिएको हो। पौडेलले गत वर्ष कान्तिपुर टेलिभिजनको नेपाल आइडलको टप ११ मा पर्न सफल भएका छन्। हाल गायिका पौडेल सारेगममा लाखौं प्रतियोगीलाई पछि पार्दै टप १३ मा परेकी छन्। प्रतियोगितामा क्षमतासँगै भोटिङ आवश्यक पर्ने भएकाले उनलाई जिताउन आर्थिक सङ्कलन अभियान सञ्चालन गरिएको वडासदस्य मेचेले बताए।

# जनकपुरधाम-लखनऊ बस सेवा शुरू

जनकपुरधाम। भारतको उत्तर प्रदेशको राजधानी लखनऊबाट प्रदेश २ को राजधानी जनकपुरसम्म बस सेवा शुरू भएको छ। नेपाल सरकारले लखनऊबाट जनकपुरसम्म सञ्चालन गर्न दुई वटा बसलाई अनुमति दिएको छ। उत्तर प्रदेश सरकारले सञ्चालन गर्दै आइरहेको अवध डिपोको ५२ सिट क्षमतासहितको एसी बस सञ्चालनमा ल्याएको छ। लखनऊको आलमबाग बसपार्कबाट हरेक दिन जनकपुरका लागि बस छुट्ने बताइएको छ। लखनऊबाट अपराह्न २ बजे हिँड्ने बस ६९२ किलोमिटर यात्रा पूरा गरी भोलिपल्ट बिहान ६ बजे जनकपुर पुग्ने छ। उक्त दुरीमा यात्रु भाडा भारतीय रू ९२८ कायम गरिएको छ। लखनऊबाट अयोध्या हुँदै हिँडेको बस आइतबार अपराह्न जनकपुर पुगेको थियो।




**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं